# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : रामग्राम नगरपालिका, नवलपरासी , रामग्राम नगरपालिका , नवलपरासी पश्चिम भाग

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | राजेश पन्थी | २०७७-५-३ | |
| कार्यालय प्रमुख | रुद्र प्रसाद रेग्मी | २०७७-४-१ | |
| कार्यालय प्रमुख | Rakesh Pandey | २०७८-९-२६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | kundan kumar chaudhary | २०७६-४-१ | |
| | | **बेरुजु रकम** | ३२,९३३,२२८ |

स्थानीय तह :



https://nams.oag.gov.np

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ३७,२३,९६,९२८.३ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ५३,४०,५३,८१० | चालु खर्च | ५६,८८,४४,३७६.४ |
| प्रदेश सरकारबाट अनुदान | ४,७२,७५,००० | पूँजीगत खर्च | ३२,२८,३४,०७८.२ |
| राजश्व बाँडफाँट | १६,६०,४८,४१३.९ | वित्तीय/अन्य व्यवस्था | १६,०८,९०,३४२.३ |
| आन्तरिक आय | ५,१३,५८,३९८.०२ | | |
| अन्य आय | १६,७९,५६,७१८.७८ | | |
| कुल आय | ९६,६६,९२,३४०.७ | कुल खर्च | १,०५,२५,६८,७९६.९ |
| बाँकी मौज्दात | | २८,६५,२०,४७२.१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस रामग्राम नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु रामग्राम नगरपालिकाको उद्देश्य रहेको छ । यस रामग्राम नगरपालिका अन्तर्गत १८ वडा, ९३ सभा सदस्य, १२८.३२वर्ग कि मि क्षेत्रफल तथा ५९ हजार ४५५ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षणको क्रममा असुली**<br>लेखापरीक्षणमा औँल्याईएपछि पालिकाले खर्च लेखेको विद्यालयको दिवा खाजामा वढी निकासा रु ८०६९८८, सि यु जिको रु १०५७८६४, ग्रेड तथा छात्रवृत्तिमा वढी रु २४८४८७ र अन्य अग्रिम आयकर, घटी बिल भरपाई, बिल भरपाई नभएको तथा वढी भुक्तानीको रु ५०८३४४ गरि जम्मा रु २६२१६८३ लेखापरीक्षणको क्रममा असुल भएको र गत वर्षको कृषकको लागत सहभागिता वापत धरौटीमा रहेको रु.६५००००/- सदरस्याहा गराई राजश्व दाखिला भएको छ । | |
| ३ | | | **स्थानीय संचित कोष**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७७।७8 को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ। | |

स्थानीय संचितकोष व्यवस्थापन प्रणाली(SuTRA) मा समावेश भएको आर्थिक कारोबारको स्थिति:

आ.व. : २०७७/७८ अवधी : २०७७/०४/०१ - २०७८/०३/३१ म.ले.प.फा.नं.

प्राप्ती भुक्तानी हिसाव

| विवरण | यस वर्ष रु. | | | |
|---|---|---|---|---|
| | बजेट | आफैले गरेको प्राप्तभुक्तानी | बस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | ८७,९८,७४,७७१.०९ | ७५,६१,३१,०२६.०३ | 0 | ७५,६१,३१,०२६.०३ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ८२,२२,९९,१८८ | ६९,०४,१२,७४८.८६ | 0 | ६९,०४,१२,७४८.८६ |
| ११००० कर | १७,९३,७६,५०० | १८,९२,८६,१०२.१७ | 0 | १८,९२,८६,१०२.१७ |
| १३००० अनुदान | ५९,८४,४९,००० | ४७,३०,०८,२६५.९४ | 0 | ४७,३०,०८,२६५.९४ |
| संघीय सरकार | ५३,७२,२४,००० | ४४,५४,९६,९३०.९४ | 0 | ४४,५४,९६,९३०.९४ |
| प्रदेश सरकार | ५,२२,७५,००० | २,७१,६१,३३५ | 0 | २,७१,६१,३३५ |
| अन्तरिक श्रोत | ५०,००,००० | ० | 0 | ० |
| स्थानीय तह | ३६,००,००० | ० | 0 | ० |
| जनसहभागिता | ३,५०,००० | ३,५०,००० | 0 | ३,५०,००० |
| १४००० अन्य राजस्व | ४,२९,६८,६९० | २,७०,९६,७७२.६० | 0 | २,७०,९६,७७२.६० |
| १५००० विविध प्राप्ति | १५,०४,९९८ | १०,२१,६०८.१५ | 0 | १०,२१,६०८.१५ |
| ख. अन्य प्राप्ति | ५,७५,७५,५८३.०९ | ६,५७,१८,२७७.१७ | 0 | ६,५७,१८,२७७.१७ |
| कोषहरु | ४,९४,२९,५८३.०९ | ५,०५,१३,६४१.१७ | 0 | ५,०५,१३,६४१.१७ |
| | | | 0 | |

| | | | | |
|---|---|---|---|---|
| धरौटी | ० | १,५१,७०,६३६ | | १,५१,७०,६३६ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ८१,४६,००० | ३४,००० | 0 | ३४,००० |
| भुक्तानी (ग+घ) | १,२१,९७,१५,८२५.०८ | ७८,६५,०१,२०४.९१ | 0 | ७८,६५,०१,२०४.९१ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | १,१६,२१,४०,२४१.९९ | ७५,९६,५८,६६७.६६ | 0 | ७५,९६,५८,६६७.६६ |
| २१००० पारिश्रमिक / सुविधा | १९,४५,१७,३६० | १७,२९,७४,२१३.४१ | 0 | १७,२९,७४,२१३.४१ |
| २२००० मालसामान तथा सेवाको उपयोग | २१,४७,६०,२४० | १२,४४,९४,४७३.४५ | 0 | १२,४४,९४,४७३.४५ |
| २५००० सहायता (Subsidy) | ३,३३,७०,००० | २,८८,९१,६३९ | 0 | २,८८,९१,६३९ |
| २६००० अनुदान | १,८७,७७,००० | १,५६,२४,३३५ | 0 | १,५६,२४,३३५ |
| २७००० सामाजिक सुरक्षा | ३५,५०,००० | २०,५७,२९५ | 0 | २०,५७,२९५ |
| २८००० अन्य खर्च | १०,६४,७६,४८७.६२ | १०,२७,६२,१६७.५७ | 0 | १०,२७,६२,१६७.५७ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | ५९,०६,८९,१५४.३७ | ३१,२८,५४,५४४.२३ | 0 | ३१,२८,५४,५४४.२३ |
| घ. अन्य भूक्तानी | ५,७५,७५,५८३.०९ | २,६८,४२,५३७.२५ | 0 | २,६८,४२,५३७.२५ |
| कोषहरु | ४,९४,२९,५८३.०९ | १,७७,८५,७४४ | 0 | १,७७,८५,७४४ |
| धरौटी | ० | ९१,१०,०९४.२५ | 0 | ९१,१०,०९४.२५ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ८१,४६,००० | ३४,००० | 0 | ३४,००० |
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | -८७,३०१ | 0.00 | -८७,३०१ |
| ङ. यो वर्षको बचत (न्युन) | (३३,९८,४१,०५३.९९) | (३,०३,७०,१७८.८८) | 0.00 | (३,०३,७०,१७८.८८) |

| | | | | |
|---|---|---|---|---|
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ३५,४४,७३,०३७.८४ | | ३५,४४,७३,०३७.८४ |
| वर्षान्तको बाकी रकम (ङ + च) | (३३,९८,४१,०५३.९९) | ३२,४१,०२,८५८.९६ | 0.0. | ३२,४१,०२,८५८.९६ |
| 0 | | | | |
| बैंक तथा नगद बाकी | | ३२,४३,६८,७३८.९६ | | ३२,४३,६८,७३८.९६ |

स्थानीय संचितकोष व्यवस्थापन प्रणाली(SuTRA) मा समावेश नभएको आर्थिक कारोबारको स्थिती:

| ब.उ.सि.न. | कार्यक्रमको नाम | बजेट | निकासा | खर्च |
|---|---|---|---|---|
| 365001043 | स्थानीय पूर्वाधार | 10901000 | 9979534 | 9979534 |
| 336001023 | गरिवसँग विश्वेश्वर | 546000 | 546000 | 546000 |
| 340011013 | महिला तथा बालबालिका विभाग | 300000 | 300000 | 300000 |
| 314010123 | सामाजिक सुरक्षा | 121200000 | 121194253 | 121194253 |
| जम्मा | | 132,947,000.00 | 132,019,787.00 | 132,019,787.00 |

४

**वित्तीय विवरण परीक्षण गर्दा देखिएका व्यहोरा निम्नानुसार छन्**

कार्यालयले आर्थिक कारोवार संचालन गर्दा सूत्रको प्रयोग गरी आफ्नो कार्यालयबाट संचालन भएको सम्पूर्ण आर्थिक कारोवार (सामाजिक सुरक्षा भत्ता, पूर्वाधार विकास कार्यक्रम, पंजिकरण कार्यक्रम, बहुक्षेत्रिय पोषण कार्यक्रम आदी) सूत्रमा प्राविष्टि गरी सो अनुसार म.ले.प.फा.नं 272,275 र सो अनुसार सहायक अनूसूची-1 देखी 23 सम्म तयार गरी वित्तीय विवरण प्रस्तुत गर्नुपर्नेमा संघीय स्रोतको C-Gas बाट निकासा भएको सामाजिक सुरक्षा, स्थानीय पूर्वाधार, गरिवसँग विशेश्वर कार्यक्रम सुत्रमा समावेश नगरेकोले कार्यालयले तयार गरेको प्राप्ती र भुक्तानीको वित्तीय विवरण (म.ले.प.फा.नं.272) ले सबै आर्थिक कारोवारको चित्रण गर्न सकेको छैन। यर्थाथ चित्रण हुन नसकेको अवस्था निम्नानुसार देखिँदा त्यसमा सुधार गर्नुपर्ने देखिन्छ:

- Øप्राप्ती र भुक्तानी विवरण (म.ले.प.फा.नं.२७२) मा सामाजिक सुरक्षा लगायत Cgas बाट निकासा हुने रकम समावेश नभएको,
- Øगत वर्ष प्राप्ती र भुक्तानीको विवरणले रु.37,19,84,652.26 बाँकी मौज्दात देखाएकोमा सोही मौज्दात यो वर्ष म.ले.फा.नं. 272 मा अ.ल्या. देखाउनु पर्नेमा गतको मौज्दातबाट सशर्त बाँकी रकम संघीय संचित कोष फिर्ता गरेको घटाई जिम्मेवारी सारेकोले यथार्थ खर्च एकीन हुन सक्ने आधार भएन।
- Øम.ले.प.फा.न.272 ले संचितकोषमा आम्दानी रु.75,61,31,026.03 देखाएको छ भने अनुसूची १० ले रु.63,56,86,175.44 देखाएबाट रु.12,04,44,850.59/- फरक देखिएको छ। फरक पर्नुको कारण स्पष्ट गरेको छैन। सो स्पष्ट गर्नुपर्दछ।
- Ø म.ले.प.फा.न.272 ले कुल प्राप्ती रु.75,61,31,026.03 देखाएको छ भने कार्यालयले लेखापरीक्षणको क्रममा उपलब्ध गराएको वित्तीय विवरणमा गतवर्षको मौज्दात घटाई रु.96,66,92,340.7 देखाएबाट रु.21,05,71,314.67 फरक देखिएको छ। फरक पर्नुको कारण स्पष्ट गरेको छैन। पालिकाले सम्पूर्ण प्राप्ती र भुक्तानीलाई म.ले.प. फाराम 272 मा समावेश गर्नु पर्दछ।

| | | | | |
|---|---|---|---|---|
| | | | म.ले.प.फा.न.272 ले वर्षान्तसम्मको मौज्दात रु.32,41,02,858.96 देखाएको छ भने अनुसूची १० ले रु.21,58,68,561.77 देखाएबाट रु.10,82,34,297.19 फरक परेकोले सुत्रको आर्थिक विवरणले यथार्थ खर्चको चित्रण गर्न सक्ने देखिएन। | |
| ५ | | | **शिक्षा तर्फ** | |
| ५.१ | | | राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्याङ्कन प्रतिवेन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन्<br> सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।<br> मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।<br> अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।<br> प्रतिवेदन सार्वजनिक गरेको छैन ।<br>तसर्थ नगरपालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर पापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ । | |
| ५.२ | | | नगरपालिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |
| ५.३ | | | राष्ट्रीय शिक्षा नीति, 2076 मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन्<br> निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन ।<br> मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।<br> निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन ।<br> शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको छैन ।<br> अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन ।<br>अतः नगरपालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| ६ | | | **अनुदान खर्चः**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले देहायअनुसार कृषि, पशु, शैक्षिक सेवा सामान खरिदमा विभिन्न व्यक्ति तथा संस्थालाई बीउपूँजी तथा अनुदानमा खर्च लेखेकोमा पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ७ | | | **पदाधिकारी सुविधाः**<br>आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम १ मा बजेटको सीमाभित्र रही निर्धारित कार्यमा खर्च गर्नुपर्ने व्यवस्था रहेको र उपनियम ३ मा खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राख्नुपर्ने, विल भरपाई आउन नसक्ने काममा खर्च भएको फुटकर खर्चको हकमा खर्च गर्ने कर्मचारीले प्रमाणित गरी अधिकार प्राप्त अधिकारीद्वारा समर्थन गराई लेखा राख्नुपर्ने व्यवस्था छ । सोही उपनियम ३ को स्पष्टिकरणमा फुटकर खर्च भन्नाले एक पटकमा १ हजार रुपैंया भन्दा कम रकमको टेक्सी रिक्सा भाडा कुल्ली खर्च र दक्षिणा भन्ने उल्लेख छ । लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३,४,५,६,७,८ र ९ संग सम्बन्धित अनुसुची अनुसार स्थानीय तहका पदाधिकारीहरुलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट,जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरुलाई यो वर्ष यातायात सुविधा रु.5724000/-, टेलिफोन तथा मोवाइल रु.2910000/-, पुस्तक तथा पत्रपत्रिका इन्टरनेट रु.2796000/-, जनसम्पर्क विशेष कार्यसुविधा रु.4536000/-, अतिथि सत्कारमा रु. 1668000/-, खानेपानी र सरसफाईमा रु.120000/-, मर्मत संभार विजुलीमा रु.120000/- र चाडपर्व खर्चमा रु.832000/- समेत रु.1,87,36,000/- खर्च भुक्तानी गरेको देखियो । कार्यालयले उल्लिखित अनुसारको रु.1,79,04,000/- भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उदेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ । | |
| ८ | | | **कानून निर्माण एवं कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १० वटा ऐन, १ वटा नियमावली र १९ कार्यविधि गरी ३० वटा कानुन र कार्यविधि लगायत निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । यस पालिकाले सार्वजनिक खरिद नियमावली तयार गरेको छैन् । तसर्थ आवश्यक सवै कानूनहरु तर्जुमा गरी उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ९ | | | **खरिद व्यवस्थापन** | |
| ९.१ | | | डीपीआर खर्चः बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ ।<br>यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| औद्योगिक क्षेत्रदेखी बडगो हुदै पण्डितपुर जोडने सडकको डि पि आर | सिभिल वर्क कन्सल्टेन्सी प्रा लि | ७००००० | ६६२४२० | नखुलेको |
| टंक प्रसाद भवन पून निर्माणको लागि डि पि आर तयार गर्ने | एप्पल इन्जिनिरङ्ग प्रोफेस्नल कन्सल्टेन्सी प्रा लि | ५००००० | ४७३२८० | नखुलेको |
| पोखरीहरुको सौन्दर्यकरणको लागि डि पि आर गर्ने | प्रतिश्रय इन्जिनियरिङ्ग कन्सल्ट प्रा लि | ५००००० | ४१८०२५ | नखुलेको |
| रामग्राम रिङ्ग रोडको लागि सम्भाव्यता अध्ययन गर्ने कार्य | आर डि इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा लि | २०००००० | १८४३०७० | नखुलेको |
| स्टेडियम निर्माणको लागि डि पि आर गर्ने कार्य | डेकोर स्टुडियो प्रा लि | ६००००० | ५८५००० | नखुलेको |
| जम्मा | | ४३०००००० | ३९८१७९५ | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

९.२

**कार्य सम्पन्न प्रतिवेदन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ वमोजिम सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य, आपूर्ती गरिएको मालसामान वा प्रदान गरिएको मालसामान वा प्रदान गरिएको सेवा स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्नेमा सो नभएकोले कार्य स्वीकार प्रतिवेदन पेश गर्नु पर्दछ ।

९.३ परामर्श सेवा – सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले देहायअनुसारका परामर्श सेवाको खरिद गर्दा लागत अनुमान तयार नगरी रु.74,24,889/- खर्च लेखेका छन् । पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्धकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिपर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम |
|---|---|---|---|
| फोहोर व्यवस्थापन सोलुसनको लागि सम्भाव्यता अध्ययन गर्ने कार्य | इन्जिनिरयर्स एण्ड सर्भेयर्स एसोसियट प्रा लि | ५०००० | ४७३९७७ |
| संगठन संरचना सर्वेक्षण | गभर्नेस इनोभेटिभ रिसर्च सेन्टर प्रा लि | ४००००० | ३९३९१८ |
| सेवा र परामर्श सेवा खर्च अल्या | आर्क आइडिया कन्सल्ट प्रा लि | ५०००० | ४२५२५० |
| सोलार उर्जा उत्पादनको लागि सम्भाव्ता अध्ययन गर्ने कार्य | सनलाइट इनर्जि प्रा लि | ५०००० | ४४६२५० |
| नगर प्रोफाइल तर्जुमा अल्या | सार्क रिसर्च सेन्टर प्रा लि | १०००००० | ९५२२११ |
| नगर यातायात गूरु योजना | अभियन्त कन्सल्टेन्सी | १५००००० | १४१९७८१ |
| आवधिक योजना तर्जुमा अल्या | इन्टेन्सी स्टडी एण्ड रिसर्च सेन्टर प्रा लि | २०००००० | १९२७६७० |
| सिचाइ आयोजनाको गुरुयोजना अल्या | सखुवा इन्जिनयरिङ्ग कन्सल्टेन्सी प्रा लि | १४००००० | १३८५८३२ |
| जम्मा | | ७८००००० | ७४२४८८९ |

९.४ **सार्वजनिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रबर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । कार्यालयले सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई सुनिश्चित हुने गरी कार्य गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| १० | | | **संगठन तथा कर्मचारी ब्यवस्थापन** | |
| १०.१ | | | निजामती सेवा ऐन, 2049 को दफा 7ख2 वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले पालिका र स्वास्थ्य सेवा पारिश्रमिक तर्फ तलवी प्रतिवेदन पारित नगरी वर्षभरीमा रु.37068758/- खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन पारीत नगरी खर्च लेखेकोमा ग्रेड वापतको रकम समेत एकीन गर्न सकिएन । पालिकाले कर्मचारीहरुको तलब र ग्रेड रकम तलबी प्रतिवेन पारीत गरेर मात्र खर्च लेख्नु पर्दछ । | |
| १०.२ | | | **कर्मचारी करारः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सँगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ६ पदमा ४३ जना कर्मचारीहरू करारमा राखी रु.१,१३,९४,७६०।- खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टिसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ३ पदमा २३ जना करार नियुक्ति गरी बर्षभरीमा रु.६३,९५,९०५/- भुक्तानी गरेको छ । पालिकाले कर्मचारी पदपूर्तिको लागि तालुक निकायमा माग आकृति फारम नपठाई ऐन विपरीत करारमा कर्मचारी राख्ने कार्य नियम सम्मत नभएको रु. | ६,३९५,९०५ |
| ११ | | | **आन्तरिक नियन्त्रण प्रणाली** | |
| ११.१ | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसा रहेका छन्<br> स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा नगरेको,<br> स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा नगरेको,<br> पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको तोकिएको ढाँचामा वार्षिक प्रतिवेदन तयार नगरेको,<br> पालिकाले कार्यक्रमगत तथा योजनागत खाता नराखेको,<br> पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको,<br> अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार नगरेको,<br> वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक नगरेको, | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | □ जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,<br>□ सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 अनुसार खरिद गुरुयोजना तयार गर्नुपर्नेमा तयार नगरेको,<br>□ संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता नगरेको,<br>□ वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार नगरेको,<br>□ मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेको<br>□ अधुरा आयोजनाको समिक्षा नगरेको आदि । | | |
| ११.२ | | | **सूचना प्रविधी पद्धतिः** सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control) Developer सँग नै रहेको, प्रवेश नियन्त्रण (access control) अन्तिम रुपमा कार्यालयको राजश्व शाखामा मात्र रहेको पाईयो । राजश्व संकलन जस्तो संवेदनशिल विषयमा संकलन गरेको रसिद रद्ध भएमा वा रसिद सच्याईएमा सोको अन्तिम निरीक्षण गरी चेकजाँच गर्न सक्ने गरी कार्यालय प्रमुखले जानकारी पाउने अवस्था देखिएन । कार्यालयले आन्तरिक नियन्त्रण कायम हुने गरी राजश्व सम्वन्धी अवस्थाको प्रवेश नियन्त्रण (access control) राजश्व संकलन गर्ने व्यक्ति, लेखा राख्ने व्यक्ति र कार्यालय प्रमुख समेतमा रहने गरी विकास गरिनु पर्दछ । कार्यालयको सफ्टवेयर संचालन सम्बन्धी समग्र अवस्था निम्नानुसार रहेको छः □ कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो नभएको, □ सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन नगरेको, □ सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु नगरेको र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा नराखेको, □ सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था नभएको । कार्यालयले सूचना प्रविधी नियन्त्रण वातावरणमा आन्तरिक नियन्त्रण कायम गरी स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी राजश्व तथा अभिलेख व्यवस्थापन गरिनु पर्दछ । | | |
| ११.३ | | | महालेखा नियन्त्रक कार्यालयले सम्पूर्ण सरकारी कार्यालयहरुको सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि स्वीकृत मलेप फारामको व्यवस्था गरिएको छ । पालिकाले निम्नानुसार म.ले.प फारामहरु स्वीकृत ढाँचामा अद्यावधिक गरी राखेको छैन । अतः पालिकाले स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी सवारी साधन र मेशिनरी संचालन गरिनु पर्दछ ।<br>□ म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक नराखेको र अद्यावधिक नभएको<br>□ म. ले. प. फाराम ४१५ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख नराखेको र अद्यावधिक नभएको | | |

| | | | | |
|---|---|---|---|---|
| ११.४ | | | **म. ले. प. फारामः** भ्रमण खर्च नियमावली, 2064 मा भ्रमणमा खटिने पदाधिकारीहरुको भ्रमण अभिलेख तयार गर्नुपर्ने, भ्रमण प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयले कर्मचारीहरुको भ्रमण स्वीकृत गरी खर्च गर्दा औपचारिक भ्रमण प्रतिवेदन तयार गरी भ्रमण अभिलेख तयार गरेतापनि निम्नानुसारको म.ले.प फारामहरुको प्रयोग गरी विवरण तयार गरी अभिलेख राखेको पाईएन ।<br> म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि दैनिक कार्यसम्पादन विवरण (TIME SHEET) नराखेको<br> म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि भ्रमण अभिलेख नराखेको<br> म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन नराखेको<br>अतः कार्यालयले भ्रमण खर्चमा आन्तरिक नियन्त्रण हुने गरी उपरोक्तानुसारका स्वीकृत म.ले.प फारामहरुको प्रयोग गर्नु पर्दछ । | |
| ११.५ | | | बेरुजु लगतः कार्यालयले स्वीकृत म.ले.प. फारामहरुको प्रयोग गरी विवरण अद्यावधिक गरी स्रेस्ता राख्नुपर्दछ । नगरपालिकाले निम्नानुसार बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरेको पाईएन ।<br>-म. ले. प. फाराम ८०१ बमोजिमको बेरुजु लगत<br>-म. ले. प. फाराम ८०५ बमोजिमको सम्परीक्षण गोश्वारा अभिलेख<br>स्वीकृत म.ले.प फारामहरुको प्रयोग गरी स्रेस्ता अद्यावधिक गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| १२ | | | **वित्तीय विवरण परीक्षण** | |
| १२.१ | | | आर्थिक कार्यविधि कानून बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले कार्यक्रमहरुको चौमासिक विवरण तयार गरी कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गर्नुपर्नेमा बार्षिक रुपमा मात्र प्रगति तयार पारेको देखियो । पालिकाले कानुन बमोजिम योजना तथा कार्यक्रमहरुको चौमासिक प्रगती विवरण तयार गर्नु पर्दछ । | |
| १२.२ | | | स्थानीय सरकार सञ्चालन ऐन, 2074 को दफा 91 बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट 10 प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी कोष स्थापना गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यसवर्ष कर्मचारीहरुको योगदानबाट हुने अंश कट्टी गरी ऐनबमोजिम कर्मचारी कल्याण कोषको व्यवस्था गरेको छैन । स्थानिय सरकार संचालन ऐन अनुसार स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट 10 प्रतिशत कट्टा गरी सो रकम बराबर हुन आउने रकम थप गरी कर्मचारी कल्याण कोष स्थापना र संचालन गर्नु पर्दछ | |
| १२.३ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन । त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | | |
| १३ | | | **सम्पत्ति उपयोग र संरक्षण** | | |
| १३.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने र त्यस्तो सम्पत्ति एकीकृत सम्पत्ति व्यवस्थापन प्रणाली (NAMS) मा प्रविष्टि गरी अद्यावधिक गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले एकीकृत सम्पत्ति व्यवस्थापन प्रणाली (NAMS) कार्यान्वयन गरेतापनि यस नगरपालिकामा समाहित भएका साविक गाउँ विकास समिति र नगरपालिका बाट हस्तान्तरीत भएका सम्पूर्ण सम्पत्तिको विवरण खुल्ने गरी अभिलेख तयार गरेको छैन । नगरपालिकाले यस पालिकामा समाहित भएका साविक गाउँ विकास समिति र नगरपालिकाबाट हस्तान्तरीत भएका सम्पत्ति समेत देखिने गरी एकीकृत सम्पत्ति व्यवस्थापन प्रणाली तयार गर्नु पर्दछ । | | |
| १३.२ | | | नगरपालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको प्रभावकारी र औचित्यपूर्ण प्रयोग गर्नु पर्दछ । पालिकाले सम्पतिको संरक्षण र उपयोग नीति र मापदण्ड नबनाएको र सार्वजनिक पर्ति ऐलानी जग्गा तथा सम्पतिको अतिक्रमण भए नभएको अनुगमन नगरेको पाईयो । नगरपालिकाले सार्वजनिक सम्पत्ति, जग्गाको संरक्षण, उपयोग नीति र मापदण्ड निर्माण गरी सार्वजनिक सम्पत्तिको व्यवस्थापन गर्नु पर्दछ । | | |
| १४ | | | **बजेट तथा कार्यक्रम** | | |
| १४.१ | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन गर्नुपर्ने र समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने | | |

जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने तथा बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको छ । पालिकाले ऐन बमोजिम स्रोत अनुमान तथा बजेट निर्धारण समिति गठन गरेको भएतापनि विषयगत क्षेत्रको बजेट तर्जुमा तोकिएको समयभित्र गरी बजेट सीमा विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराएको छैन । पालिकाले ऐन बमोजिम चरणबद्व रुपमा स्रोत अनुमान सहितको बजेट तर्जुमा गरी तोकिएको समयमा नै विषयगत शाखा तथा वडा समितीलाई जानकारी गराउनु पर्दछ ।

१४.२ **योजना छनौट र कार्यान्वयन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७/७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाख सम्म | रु २ लाखदेखि ५ लाख सम्म | रु ५लाख देखि १० लाख सम्म | रु १० लाखदेखि ५० लाख सम्म | जम्मा |
|---|---|---|---|---|---|
| 654 | 114 | 184 | 103 | 119 | 1174 |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.50 हजार लाख देखि 10 लाख वढी सम्मका जम्मा 1174 वटा योजना संचालन गरेकोमा रु. 1 लाख भन्दा मुनिका मात्र 654 वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

१४.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था रहेको छ । पालिकाले तोकिए बमोजिम प्रोफाइल तयार गरेको छैन । ऐन अनुसार आफ्नो क्षेत्रको एकीकृत अभिलेख र जानकारी समेटिएको प्रोफाईल तयार गर्नु पर्दछ ।

१४.४ **क्षेत्रगत बजेट र खर्च -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । (बजेट रु. हजारमा)

| मुख्य क्षेत्र | वार्षिक बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| आर्थिक विकास क्षेत्र | 77937 | 32315 | 4.25 |
| सामाजिक विकास क्षेत्र | 340223 | 231141 | 30.43 |
| पूर्वाधार विकास | 424082 | 231186 | 30.43 |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | 17313 | 12617 | 1.66 |
| वातावरण तथा विकास | 0 | 0 | 0 |
| कार्यालय संचालन तथा प्रशासनिक | 302586 | 252400 | 33.23 |
| जम्मा | 1162141 | 759659 | 100% |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा कम 1.66 प्रतिशत र सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी 30.43 प्रतिशत बजेट विनियोजन गरी खर्च गरेको छ । पालिकाले वातावरण तथा दिगो विकास शीर्षकमा कुनै पनि बजेट विनियोजन गरेको पाईएन । पालिकाले समानुपातिक विकास हुने गरी रोजगारी सिर्जनाको क्षेत्रमा जोड दिएर पूँजीगत विकासमा जोड दिनु पर्दछ ।

१५

**कोभीड कोषः**

कोभिड-१९ रोकथाम नियन्त्रण र व्यवस्थापन कोषमा 2077/78 मा संघ र स्थानीय तहबाट रु.1,11,68,700/- आम्दानी रहेकोमा क्वारेन्टीन र आईसोलेसन, अस्पताल निर्माण, औषधी र स्वास्थ्य सामाग्री तथा अन्यमा रु.80,34,760/- खर्च भई रु. 31,33,940/- मौज्दात रहेको देखियो । यस सम्बन्धी बिबरण निम्नानुसार रहेको छः

| बजेट/आम्दानीको स्रोत | २०७८ असार मसान्तसम्म प्राप्त रकम | खर्च शीर्षक | २०७८ असार मसान्तसम्म खर्च रकम |
|---|---|---|---|
| संघीय सञ्चित कोषबाट | 50000 | राहात वितरण | 0 |
| प्रदेश सञ्चित कोषबाट | | क्वारेन्टिन होल्डिङ्ग सेन्टर निर्माण व्यवस्थापन | 1480070 |
| स्थानीय तहको आफ्नै बजेटबाट विनियोजन भएको | 10118700 | आईशोलेसन केन्द्र निर्माण व्यवस्थापन | 2820740 |
| प्रदेश कोभिड कोषबाट | 0 | औषधि एवं स्वास्थ्य उपकरण तथा सामग्री खरिद | 3692280 |
| अन्य स्रोतबाट प्राप्त | 1000000 | अन्य शीर्षकमा भएको खर्च (आइसोलेसन सेन्टरमा खाना खाजा ) | 41670 |
| | | बाँकी | 3133940 |
| जम्मा | 11168700 | जम्मा | 11168700 |

१६

**मोबीलाईजेशन पेश्की**

आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 47 अनुसार दिईएको पेश्की लिने व्यक्ति तथा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिनभित्र खर्च प्रमाणित गर्ने आवश्यक बील भरपाई र कागजात सहितको प्रतिवेदनका आधारमा कार्यालय समक्ष पेश गर्नुपर्ने र कार्यालयले पेश भएको सात दिनभित्र फछ्यौंट गर्नुपर्ने व्यवस्था रहेको छ । नियम 52(3) अनुसार कार्यालयले दिएको म्याद नाघेको पेश्की तोकिएको समयमा फछ्यौंट गरेको छैन । अतः पालिकाले विभिन्न निर्माण व्यवसायीलाई दिएको निम्नानुसार पेश्की रु.1,54,86,982/- नियमानुसार कार्यसम्पन्न गराई असुल फछ्यौट गर्नुपर्दछ ।


https://nams.oag.gov.np

| सि.नं. | पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | रकम |
|---|---|---|---|---|---|
| २ | ०९/१७/२०७७ | १४७ | पुरानो न.पा.चोक देखी लखी सुनारको घर सम्म र नेपाल टेलीकम चोक सम्म सडक संरचरना सुधार तथा निर्माण कार्य | अभियन्ता कन्स्ट्रक्सन प्रा.लि | ९,६१,२१६ |
| ३ | ०९/२१/२०७७ | ३ | रावणखण्डा पुल निर्माण | गणेश एण्ड सन्स कन्ट्रक्सन | ११,१३,००० |
| ४ | ११/०५/२०७७ | २२४ | पुरानो न.पा.चोक देखी लखी सुनारको घर सम्म र नेपाल टेलीकम चोक सम्म सडक संरचरना सुधार तथा निर्माण कार्य | अभियन्ता कन्स्ट्रक्सन प्रा.लि | ९,६१,२१६ |
| ५ | १२/२६/२०७७ | २८७ | जौरहरी पार्क निर्माण कार्य पोखरापाली | पुजा निर्माण सेवा | ६,१६,५०० |
| ६ | ०१/१०/२०७८ | २९७ | खानेपानी टंकी निर्माण र ब्यवस्थापन कार्य घनश्यामपुर | पशुपति निर्माण सेवा | १,४३,२५० |
| ७ | ०२/२५/२०७८ | ३५२ | प्रसवाल देखि कुन्द्रुपलट मुल सडक स्तरोन्नती गर्ने कार्य | पाठक कन्षट्रक्सन | २,६७,००० |
| ८ | ०२/२५/२०७८ | ३५३ | रावन खण्डा घोलाको कच्ची तटबन्ध निर्माण कार्य | पाठक कन्षट्रक्सन | १,५८,८०० |
| ९ | ०३/०१/२०७८ | ६९३ | स्टेडियम निर्माणका लागि डि पी आर तयारी गर्ने कार्य | डेकोर स्टुडियो प्रा.लि. | ५,८५,००० |
| १० | ०३/०४/२०७८ | ४०३ | अधुरोरो पिपरहीया देखि मधवलिया सडक कालो पत्रे निर्माण कार्य | पाठक कन्षट्रक्सन | १,४७,००० |
| ११ | ०३/१४/२०७८ | ४२३ | अधुरो पिपरहीया देखि मधवलिया सडक कालो पत्रे निर्माण कार्य | पाठक कन्षट्रक्सन | १५,००० |
| १२ | ०३/२४/२०७८ | ५९ | खानेपानी ट्याङ्की निर्माण तथा ब्यवस्थापन कार्यक्रम, वडा नं. १७, देवगाव | समीर कन्ट्रक्सन | २५,७८,००० |
| १३ | ०३/२४/२०७८ | ६० | खानेपानी टयाङ्की निर्माण, वडा नं. १८ धरमपुर | समीर कन्ट्रक्सन | २६,५०,००० |
| १४ | ०३/२४/२०७८ | ६१ | खानेपानी टयाङ्की निर्माण तथा खानेपानी विस्तार, वडा नं. १४ अमरौट | समीर कन्ट्रक्सन | २६,५०,००० |
| १५ | ०३/२४/२०७८ | ५७३ | व्यवसायीक भवन तथा बाल उद्यान पार्क निर्माण शान्तीचौर शिशमघारी | पाठक कन्षट्रक्सन | ६,९१,००० |
| १६ | ०३/३०/२०७८ | ७७६ | लखी सुनारको घर देखी उ.वा.संध सम्म सडक संरचरना सुधार तथा निर्माण कार्य | कोरल निर्माण प्रा लि | १९,५०,००० |
| | | | | | |

| | | | | |
|---|---|---|---|---|
| | | | जम्मा — १,५४,८६,९८२ | |
| १७ | | | **ठे.नं. ०१/०७६/७७** | |
| १७.१ | | | ठे.नं. ०१/०७६/७७ को Construction of Clock Tower of Ramgram-5, Maheshpur Chowk निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी अभियन्ता कन्स्ट्रक्सन वीच कवोल अंक रु ५३,७३,४८७।२२ (मू.अ.कर समेत) को लागतमा मिति २०७७।०३।१५ मा कार्य सम्पन्न गर्ने गरी मिति २०७६।१०।१४ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ : | |
| १७.२ | | | कार्यसम्पादन जमानतको म्याद थप : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा म्याद थप सम्वन्धी व्यवस्था रहेको छ । ठेक्काको म्याद थप सँगै नियम वमोजिमको अवधि खाम्ने गरी बैंक जमानतको म्याद थप समेत हुनुपर्दछ । यस निर्माण कार्यको शुरु सम्झौता गर्दा कार्यसम्पादन जमानत वापत मिति २० जनवरी २०२० मा मिति १८ जेनवरी २०२१ सम्म म्याद भई जारी भएको PB No. 147/0017/4802/20 पेश भएकोमा म्याद थप हुँदा मिति १९ जनवरी २०२१ मा जारी भएको PB No. 147/0035/4861/21 मिति १६ अप्रिल २०२१ सम्म म्याद भएको कार्यसम्पादन जमानत पेश भएको छ । शुरु सम्झौताको वखत पेश भएको कार्यसम्पादन जमानतको म्याद थप नगरी नयाँ कार्यसम्पादन जमानत पेश भएको छ । पुन : ५ जुलाई २०२१ मा मिति ५ अगष्ट २०२२ सम्म म्याद भई जारी भएको PB No. 147/0068/4861/21 को कार्यसम्पादन जमानत पेश भएको छ । १६ अप्रिल २०२१ देखि ५ जुलाई २०२१ सम्मको कार्यसम्पादन जमानतको अवधि खालि रहेको छ । कार्यसम्पादन जमानतको म्याद थप नगरी ठेक्काको एकमुष्ट म्याद थप गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ । | |
| १७.३ | | | पेश्की जमानतको म्याद: आर्थिक वर्ष २०७६।७७ मा पेश्की वापत रु १०,७४,६९६।०० भुक्तानी भएकोमा सोही आ.व.मा रु ४,००,०००।०० पेश्की फर्छ्यौट भई आ.व. २०७७।७८ मा रु ६,७४,६९६।०० पेश्की जिम्मेवारी सरेकोमा लेखापरीक्षण अवधिसम्म पनि पेश्की फर्छ्यौट गरेको छैन् । निर्माण व्यवसायीवाट पेश्की जमानत वापत APG No. 147/0006/5103/21 वाट रु ५,३७,३४८।०० र APG No. 147/0005/5103/21 वाट रु ५,३७,३४८।०० को पेश्की जमानत पेश भएकोमा १८ मार्च २०२२ सम्म म्याद थप भएको छ । लेखापरीक्षणको अवधिसम्म पेश्की जमानतको म्याद समाप्त भएको छ र म्याद थप गरेको जमानत पेश भएको देखिएन भने पेश्की फर्छ्यौट समेत भएको छैन् ।<br>शुरु पेश्की जमानत मिति १७ अप्रिल २०२० सम्म अवधि भएकोमा निर्माण कामको म्याद थप हुदाँ उक्त अवधि देखि थप नगरी करिब १७ महिना पछी मिति २१ सेप्टेम्वर २०२१(२०७८।०६।०५) मा जारी भएको मिति १८ मार्च २०२२ सम्म अवधि भएको नयाँ पेश्की जमानत पेश भएको छ । आर्थिक वर्ष २०७७।७८ मा पेश्की जमानतको अवधि शुन्य रहेको देखियो । करिव १७ महिनाको अवधिको पेश्की जमानतको अवधि खालि रहेको छ । पेश्की जमानतको म्याद थप नगरी पटक पटक निर्माण कार्यको म्याद थप हुनु उचित भएन । पेश्की वाँकी रहेको रकममा १०% व्याज लगाई पेश्की रकम असुल हुनु पर्दछ रु | ६७४,६९६ |

| | | | | |
|---|---|---|---|---|
| १८ | | | **ठे.नं. ०२/०७६/७७** | |
| १८.१ | | | ठे.नं. ०२/०७६/७७ Construction of Office Building (Third Floor Sabha Hall) Ramgram-12 को निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी अभियन्ता कन्स्ट्रक्सन प्रा.लि. वीच कवोल अंक रु ९२,२२,२७०।३६ (मू.अ.कर समेत) को लागतमा मिति २०७७।०३।१५ मा कार्य सम्पन्न गर्ने गरी मिति २०७६।१०।१४ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ : | |
| १८.२ | | | कार्यसम्पादन जमानतको म्याद थप : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा म्याद थप सम्वन्धी व्यवस्था रहेको छ । ठेक्काको म्याद थप सँगै नियम वमोजिमको अवधि खाम्ने गरी बैंक जमानतको म्याद थप समेत हुनुपर्दछ । यस निर्माण कार्यको पटक पटक गरी ३ पटक मिति २०७८।९। मसान्तसम्म म्याद थप भएको छ । ठेक्काको म्याद थप गर्दा कार्यसम्पादन जमानतको म्याद थप नगरी नयाँ जमानत पेश भएको छ । शुरु सम्झौता गर्दा कार्यसम्पादन जमानत वापत मिति २० जनवरी २०२० मा मिति १८ जेनवरी २०२१ सम्म म्याद भई जारी भएको PB No. 147/0016/4802/20 पेश भएकोमा म्याद थप हुँदा मिति २१ सेप्टेम्वर २०२१ मा जारी भएको PB No. 147/0001/5103/21 मिति १४ जेनवरी २०२२ सम्म म्याद भएको कार्यसम्पादन जमानत पेश भएको छ । शुरु कार्यसम्पादन जमानत मिति १८ जेनवरी २०२१ सम्म अवधि भएकोमा निर्माण कामको म्याद थप हुदाँ उक्त अवधि देखि थप नगरी करिब ८ महिना पछी मिति २१ सेप्टेम्वर २०२१ मा जारी भएको नयाँ कार्यसम्पादन जमानत पेश गरेको छ । करिव ८ महिनाको अवधिको कार्यसम्पादन जमानतको अवधि शुन्य रहेको छ । कार्यसम्पादन जमानतको म्याद थप नगरी पटक पटक निर्माण कार्यको म्याद थप हुनु उचित भएन । यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ । ठेक्काको म्याद थप गर्दा कार्य सम्पादन जमानतको म्याद थप समेत हुनु पर्दछ । | |
| १८.३ | | | गुणस्तर परीक्षण : ठे.नं. ठे.नं. ३६/०७६/७७ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(ङ) मा सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा खरिद सम्झौता कार्यान्वयन पक्षको निरीक्षण र परिक्षण गर्नुपर्ने व्यवस्था छ । Construction of Building Work (Tourist Rest House and Toilet Management, Ramgram-7, Ujaini) गर्ने कार्यको लागि अन्तिम विल वापत रु ३२,४९,०१६।०० भुक्तानी भएको छ । यस निर्माण कार्यको वी.ओ.क्यु. प्रोभिजनल समको आइटम नं. 36 मा ल्याव टेष्ट वापत को रु २,४६,९३४।०४ (भ्याट वाहेक) को व्यवस्था भएकोमा भुक्तानी भएको देखिएन । कामको गुणस्तर परीक्षण नगरी भुक्तानी दिएकाले काम गुणस्तरीय भएको सम्वन्धमा आश्वस्त हुन सकिएन । वी.ओ.क्यु. को आइटममा भएको व्यवस्था कार्यान्वयन गर्ने र गुणस्तर परीक्षण गरी आश्वस्त भएपछी मात्र भुक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| १९ | | | **अधुरा ठेक्का** | |
| १९.१ | | | गुणस्तर परीक्षण : सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(ङ) मा सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा खरिद सम्झौता कार्यान्वयन पक्षको निरीक्षण र परिक्षण गर्नुपर्ने व्यवस्था छ । यस निर्माण कार्यको लागि अन्तिम विल वापत रु ४५,०१,४५७।०० भुक्तानी | |

| | | | | |
|---|---|---|---|---|
| | | | भएको छ । यस निर्माण कार्यको वी.ओ.क्यु. प्रोभिजनल समको आइटम नं. 3. Additional lab testing of materials, specimen, mix desigh etc. को रु ५०,०००।०० (भ्याट वाहेक) को व्यवस्था भएकोमा भुक्तानी भएको देखिएन । कामको गुणस्तर परीक्षण नगरी भुक्तानी दिएकाले काम गुणस्तरीय भएको सम्वन्धमा आश्वस्त हुन सकिएन । वी.ओ.क्यु. को आइटममा भएको व्यवस्था कार्यान्वियन गर्ने र गुणस्तर परीक्षण गरी आश्वस्त भएपछी मात्र भुक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ । | |
| १९.२ | | | अन्तर निकाय समन्वय : आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४.२ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने व्यवस्था छ । ठे.नं. ०३/०७६/७७ Construction of Deep Tubewell at Ramgram-18, Dharampur को निर्माण कार्यको लागि पालिका र निर्माण व्यवसायी मनकामना ड्रिलिङ्ग कम्पनी वीच कवोल अंक रु ११,८४,८५०।२० (मू.अ.कर समेत) को लागतमा मिति २०७८।०२।१० मा कार्यसम्पन्न गर्ने गरी मिति २०७७।०८।२९ मा सम्झौता भएको छ । यस निर्माण कार्यको कार्य सम्पन्न भई अन्तिम विल मिति ०७८।०१।१२ मा भुक्तानी भएको छ । यस निर्माण कार्यको छेउमा (करिव ५० मिटर) नै खानेपानी तथा सरसफाई डिभिजन कार्यालय रुपन्देहीवाट पनि बोरिङ्ग निर्माण भएको स्थलगत निरीक्षणको क्रममा देखियो । एकै ठाउँमा दुई सरकारी निकायवाट एउटै काम हुदाँ काममा दोहोरोपना र सरकारी लगानीको अपव्यय हुन गएको छ । अन्तर सरकारी निकाय वीच समन्वय गरी सरकारी लगानीको उच्चतम प्रतिफल प्राप्त हुने गरी मितव्ययी तरिकाले गर्नुपर्दछ । | |
| १९.३ | | | कार्यसम्पन्न प्रतिवेदन : आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ ।निम्नानुसार डिप वोरिङ्ग निर्माण कार्यको Item no. 30: Submission of well Completion report with lithology, well design, pumping test analysis and water quality analysis report वापत रु ४,४७२ (मू.अ.कर वाहेक) भुक्तानी भएकोमा प्रतिवेदन पेश भएको देखिएन । यसले गर्दा पम्पको डिस्चार्ज रेट, स्टेप ड्र डाउन टेस्ट, Drawdown Test-Aquifers Test, Recovery Test का सम्वन्धमा भएको अवस्था एकिन भएन । अत: उक्त कार्यको प्रतिवेदन पेश हुनुपर्ने रु...... सम्वन्धित खानेपानी तथा सरसफाई डिभिजन कार्यालय सँग समन्वय गरी काम गरेको देखिएन । | ४,४७२ |
| १९.४ | | | कामको गुणस्तर : ठे.नं. ०४/०७६/७७ Road Extension Work of Ramgram-12, Shantichaur Kasiya, Nawalparasi को निर्माण कार्यको | |

| गो.भौ. | ठे.नं. | काम | भुक्तानी रु |
|---|---|---|---|
| ३९।०७८।०१।१२ | **०१/०७७/७८** | Construction of Deep Tubewell at Ramgram-14, Amraut | २२०० |
| ३०।०७७।१०।२९ | **०३/०७७/७८** | Construction of Deep Tubewell at Ramgram-18, Dharampur | २,२७२ |
| | | जम्मा | ४,४७२ |

| | | | | |
|---|---|---|---|---|
| | | | लागि पालिका र निर्माण व्यवसायी समिर कन्स्ट्रक्सन वीच कवोल अंक रु ३६,४८,०४७।३७ को लागतमा मिति २०७७।०२।१५ मा कार्य सम्पन्न गर्ने गरी मिति २०७६।१०।२३ मा सम्झौता भएको छ । निर्माण कार्य गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(ङ) वमोजिम सार्वजनिक निकायले गुणस्तर पक्षमा पर्याप्त ध्यान दिनु पर्दछ । आर्थिक बर्ष २०७६।७७ मा वेस र प्राइम कोट सम्मको कार्य सम्पन्न भई रु ३२,६२,८८७।७१ भुक्तानी भएकोमा आ.ब. २०७७।७८ मा टेक कोट र प्रिमिक्स कारपेटिङ्गको कार्य भई रु ४,७९,४८१।६० भुक्तानी भएको छ । अघिल्लो वर्ष वेस र प्राइम कोटको काम गरी करीव एक वर्ष पछी टेक कोट र प्रिमिक्सको काम भएकोले गुणस्तरीय काम भएको छ भन्ने सम्वन्धमा एकिन हुन सकेन । सडक कालोपत्रे गर्ने कार्यको भुक्तानी दिँदा वेस, प्राइम कोट, टेक कोट र प्रिमिक्स कारपेटिङ्ग गर्ने कार्य सँग सँगै गरी भुक्तानी दिने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |
| २० | | | **सर्भर,कम्प्यूटर र बिद्युतिय हाजिर खरिद तथा जडान**<br>**सर्भर,कम्प्यूटर र बिद्युतिय हाजिर खरिद तथा जडान:-** नगरपालिकाले सर्भर,कम्प्यूटर,बिद्युतिय हाजिरी लगायतका ११ प्रकारका सामानहरु खरिद तथा जडान गर्न ठेक्का नं २५।०७७।७८ बाट रु ८५९६७०१।०० को लागत अनुमान तयार गरि बोलपत्रको माध्यमबाट छनौट भएको क्लाउड टेक सोलुसन प्रा लि काठमाडौंसँग रु ८४९८७८६।०० मा मिति २०७७।१०।२९ मा सम्झौता गरि बिभिन्न ३ वटा गोश्वार भौचरबाट मिति २०७८।१।११ मा रु ५१२७९९६।०० र २ वटा गोश्वरा भौचरबाट मिति २०७८।३।३० मा रु ३३७०२९०।०० गरि कुल जम्मा रु ८४९८२८६।०० भुक्तानि गरेकोमा देहाय अनुसार देखियो ।<br>• सर्भर,कम्प्यूटर र बिद्युतिय हाजिरको स्पेशिफिकेशन सम्बन्धमा:- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५ मा सार्वजनिक निकायले कुनै मालसामान खरिद गर्नु अघि खरिद गर्न लागेको सामानहरुको स्पेशिफिकेशन तथा सो सँग सम्बन्धित अन्य बिबरण तयार गरि स्विकृत गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले सर्भर,कम्प्यूटर,बिद्युतिय हाजिरी लगायतका ११ प्रकारका सामानहरु खरिद गर्नको लागि स्विकृत स्पेशिफिकेशन लेखापरीक्षणमा पेश नभएकोले स्पेशिफिकेशन तयार भए नभएको यकिन भएन । यस ठेक्का नं २५।०७७।७८ मा पेश भएका २ वटा बोलपत्रहरुले पेश गरेका कागजातहरुको पूर्णताको परिक्षण गरेको प्राबिधिक स्पेशिफिकेशन पेश भएकोमा सो तयार गर्ने तथा स्विकृत गर्ने कर्मचारीबाट दस्तखत भएको छैन । क्लाउड टेक सोलुसन प्रा लि काठमाडौंबाट सप्लाइ पश्चात रु ८४९८७८६।०० भुक्तानि भएकोमा सो सप्लायर्सले सप्लाइ गरेको सामानहरु तोकिएको स्पेशिफिकेशन अनुसार भए नभएको सम्बन्धमा नगरपालिकाले परीक्षण नगरी तोकिएको गुणस्तरयुक्त सामानहरु भए नभएको यकिन नगरी रकम भुक्तानि दिएको पाइएको हुनाले सप्लाइ तथा जडान भएको सामान र सर्भरको सम्बन्धमा यकिन गर्न सकिएन । खरिद गरिएका १४ थान कम्प्यूटरहरुमध्ये १२ बिद्यालयहरुलाइ बुझाएकोमा बिद्यालयहरुले बिद्यालयको जिन्सि खातामा आम्दानि जनाएको जिन्सि अभिलेख पालिकामा पेश गरेको पाइएन । खरिद गरेको ३५ वटा बिद्युतिय हाजिरी मेशिन बिद्यालय तथा वडा कार्यालयको लागि खरिद गरेको भनिएकोमा यस आर्थिक वर्षमा जडान भएको नपाइएको हुनाले पालिकाले जडान गराइ सो को प्रमाण पेश गर्नुपर्दछ ।<br>• सर्भर,कम्प्यूटर र बिद्युतिय हाजिरको लागत अनुमान सम्बन्धमा:- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान स्पेशिफिकेशनको अधिनमा रहि तयार गर्नुपर्ने र सो लागत अनुमान कार्यालय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरुमा सोहि प्रकृतिको खरिद गर्दा लागेको वास्तबिक लागत,स्थानिय बजारमा प्रचलित दरभाउ,अन्य बजारको प्रचलित दरभाउ र उद्योग वाणिज्य संघले जारि गरेको दररेटलाइ आधार लिएर लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । सर्भर,कम्प्यूटर,बिद्युतिय हाजिरी लगायतका ११ प्रकारका सामानहरु खरिद तथा जडान गर्न ठेक्का नं २५।०७७।७८ बाट रु ८५९६७०१।०० को लागत अनुमान तयार गर्दा पालिकाले ३ वटा सप्लायर्ससँग दररेट माग गरि सो को औषत दरको आधारमा तयार गरेको पाइयो । पालिकाले सो सम्बन्धि सप्लाइ चालु तथा गत वर्षहरुमा यसै जिल्लाको अन्य सार्वजनिक निकायले प्रतिस्पर्धाबाट गरेको थिए वा थिएनन भन्ने सम्बन्धमा यकिन गरेको पाइएन । पालिकाले सर्भर,कम्प्यूटर,बिद्युतिय हाजिरी लगायतका ११ प्रकारका सामानहरु खरिद तथा जडानको लागत अनुमान औषत दररेटको आधारमा तयार लागत अनुमान तयार गरि प्रतिस्पर्धामा कबोल गरेको बोलपत्रदाताले लागत अनुमान रु | ७९१,३७६ |

८५९६७०१।०० रहेकोमा बोलपत्रदाताले लागत अनुमानकै हाराहारिमा १=१३ प्रतिशतमात्र कम अर्थात रु ८४९८७८६।०० मा कबोल गरेकोमा देहायमा उल्लेख गरेका आइटमहरुको औषत दर भन्दा बढी दररेटमा लागत अनुमान तयार भइ बोलपत्र आब्हान गरेको कारण पालिकालाइ रु ७९१३७६।०० बढी व्ययभार पर्न गएको रु

| आइटमको नाम | परिमाण | मेरिडियन आइ टि काठमाडौंको दर | सिन्धु ईन्जिनियरिङ्ग काठमाडौंको दर | सिन्को सोलुसन काठमाडौंको दर | औषत दर | लागत अनुमानमा समाबेश दर | बढि दर तथा रकम मू अ कर समेत |
|---|---|---|---|---|---|---|---|
| Rack Sever (Primary-DC) | १ वटा | १२६०००० | १२५०००० | १२५२००० | १२५४००० | १७५८३३३ | ५०४३३३ |
| Online UPS 10KVA | १ सेट | ३९७००० | ४००००० | ३९९००० | ३९८६६७ | ५९४६६७ | १९६००० |
| **जम्मा** | | | | | | | **७९१३७६** |

२१

**बुद्धचोकमा डिजिटल मेशिन खरिद तथा जडान**

३१,७९९

**बुद्धचोकमा डिजिटल सूचना बोर्ड खरिद तथा जडान:-** रामग्राम नगरपालिकाको बुद्धचोकमा डिजिटल नोटिस बोर्ड खरिद तथा जडान गर्न ठेक्का नं २३।०७७।७८ बाट रु १४६५६५४।०० को लागत अनुमान तयार गरि सिलबन्दि कोटेशनको माध्यमबाट छनौट भएको पाथिभरा अन्जना ट्रेडर्स एण्ड हरि सप्लायर्स प्रा लि काठमाडौंसँग रु १२४५४१७।०० मा मिति २०७७।९।२६ मा सम्झौता गरि गोश्वार भौचर नं ५४८।०७८।३।२२ बाट रु १२४४३८९।०० भुक्तानि गरेकोमा देहाय अनुसार देखियो ।

• बुद्धचोकमा डिजिटल सूचना बोर्ड खरिद तथा जडानको लागत अनुमान सम्बन्धमा:- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान स्पेशिफिकेशनको अधिनमा रहि तयार गर्नुपर्ने र सो लागत अनुमान कार्यालय रहेको जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्ला वर्षहरुमा सोहि प्रकृतिको खरिद गर्दा लागेको वास्तबिक लागत,स्थानिय बजारमा प्रचलित दरभाउ,अन्य बजारको प्रचलित दरभाउ र उद्योग वाणिज्य संघले जारि गरेको दररेटलाइ आधार लिएर लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । रामग्राम नगरपालिकाको बुद्धचोकमा डिजिटल नोटिस बोर्ड खरिद तथा जडान गर्न ठेक्का नं २३।०७७।७८ बाट रु १४६५६५४।०० को लागत अनुमान तयार गरि काम गराएकोमा लागत अनुमानमा समाबेश भएको दर बिश्लेषण पेश नभएकोले लागत अनुमानको सम्बन्धमा यकिन हुन सकिएन ।

• बुद्धचोकमा डिजिटल सूचना बोर्ड खरिद तथा जडानको स्पेशिफिकेशन सम्बन्धमा:- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५ मा सार्वजनिक निकायले कुनै मालसामान खरिद गर्नु अघि खरिद गर्न लागेको सामानहरुको स्पेशिफिकेशन तथा सो सँग सम्बन्धित अन्य बिबरण तयार गरि स्विकृत गर्नुपर्ने व्यवस्था रहेको छ । बुद्धचोकमा डिजिटल नोटिस बोर्ड खरिद तथा जडान गर्न ठेक्का नं २३।०७७।७८ बाट रु १४६५६५४।०० को लागत अनुमान तयार पाथिभरा अन्जना ट्रेडर्स एण्ड हरि सप्लायर्स प्रा लि काठमाडौंले सप्लाइ तथा जडान गरी रु १२४४३८९।०० भुक्तानि गरेकोमा सो सप्लायर्सले सप्लाइ गरेको सामानहरु तोकिएको स्पेशिफिकेशन अनुसार भए नभएको सम्बन्धमा नगरपालिकाले परीक्षण नगरी तोकिएको गुणस्तरयुक्त सामानहरु भए नभएको यकिन नगरी रकम भुक्तानि दिएको पाइएको हुनाले सप्लाइ तथा जडान भएको सामान र सर्भरको सम्बन्धमा यकिन गर्न सकिएन ।

• पूर्व निर्धारित क्षतिपूर्तिM सार्वजनिक खरिद खरिद नियमावलि २०६४ को नियम १२१ बमोजिम सप्लायर्सले सम्झौतामा तोकिएको म्यादमा सामानहरु सप्लाइ तथा जडान गर्ने काम सम्पन्न नभएमा सम्झौता रकमको १० प्रतिशतमा नबढ्ने गरि प्रति दिन ०=०५ प्रतिशतको दरले पूर्व निर्धारित क्षतिपूर्ति लगाउनुपर्ने व्यवस्था रहेको छ । रामग्राम नगरपालिकाको बुद्धचोकमा डिजिटल नोटिस बोर्ड खरिद तथा जडान गर्न ठेक्का नं २३।०७७।७८ बाट पाथिभरा अन्जना ट्रेडर्स एण्ड हरि सप्लायर्स प्रा लि काठमाडौंसँग मिति २०७८।२।१ सम्म सम्पन्न गर्नेगरि रु १२४५४१७।०० मा मिति २०७७।९।२६ मा सम्झौता गरि सम्पन्न गर्ने म्याद भन्दा ४४ दिन ढिलो गरी मिति २०७८।३।१५ मा सम्पन्न गरी गोश्वार भौचर नं ५४८।

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ०७८।३।२२ बाट रु १२४४३८९।०० भुक्तानि गरेको पाइयो । सो कामको नापी किताबमा सम्पन्न भएको मिति २०७८।३।१५ लाइ सच्याइ २०७८।१।३१ उल्लेख भएकोमा नापी किताब,प्राबिधिक मूल्यांकन तथा अन्य कागजातमा कार्यालय प्रमुखले मिति २०७८।३।१५ मा स्विकृत गरी सोही मिति पश्चात मिति २०७८।३।२२ मा भुक्तानि भएको देखिएको तथा पाथिभरा अन्जना ट्रेडर्स एण्ड हरि सप्लायर्स प्रा लिलाइ भुक्तानि दिने टिप्पणि आदेश मिति २०७८।३।१६ मा उठान गरी कार्यालय प्रमुखले मिति २०७८।३।२० मा स्पेशिकफिकेशन अनुसार भए नभएको भनि सम्बन्धित प्राबिधिकहरुबाट प्रतिबेदन पेश भए पश्चात भुक्तानिको प्रकृया अगाडिक बढाउने भनि तोक आदेश भएको अवस्थामा स्पेशिफिकेशन अनुसार भए नभएको प्राबिधिकबाट इन्स्पेक्सन प्रतिबेदन पेश नहुदै भुक्तानि दिएको नियमसम्मत देखिएन । साथै सप्लायर्सले सम्झौतामा तोकिएको समय मिति २०७८।२।१ मा सामान सप्लाइ तथा जडानको काम सम्पन्न नगरी ४४ दिन ढिलो गरी मिति २०७८।३।१५ मा मात्र सम्पन्न गरेकोले सम्झौता रकम रु १२४५४१७।०० को प्रति दिन ०.०५ प्रतिशतको दरले पूर्व निर्धारित क्षतिपूर्ति रु ३१७९९।०० असुल हुनुपर्ने रु | |
| २२ | | | **अनुदानको अनुगमन**<br>**अनुदानको अनुगमन** – सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले ५० प्रतिशत अनुदानमा मागमा आधारित सिंचाइ कार्यक्रम अन्तर्गत पम्पसेट र बिद्युत मोटर सप्लाइ गर्ने ठेक्का नं ५५।०७७।७८ बाट प्रतिस्पर्धाको माध्यमबाट छनौट भएको सौगात ट्रेडर्स रामग्राम नवलपरासीबाट १८ थान पम्पसेट र ८ थान मोटर सप्लाइ गरि कुल रु ७७२२६२।०० मध्ये ५० प्रतिशत पालिकाले गो भौ नं ५।०७८।३।२८ बाट रु ३८६१३१।०० भुक्तानि दिएको छ । पालिकाले पम्पसेट १८ कृषक समूह वा ब्यक्तिहरुलाइ र मोटर ८ कृषक समूह वा ब्यक्तिहरुलाइ बितरण गरेकोमा बितरणको लागि कृषक छनौट गरेको प्रक्रिया,बितरण गर्ने निर्णय,बितरणको भरपाइ परीक्षण गर्दा भरपाइमा बितरण मिति तथा बुझाउनेको दस्तखत नभएको,बितरण भरपाइमा रोहबर नभएको कारण बितरण गरेको यथार्तता सम्बन्धमा यकिन हुन सकिएन । यसरि पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| २३ | | | **ठे.नं. ११/०७७/७८** | |
| २३.१ | | | ठे.नं. ११/०७७/७८ Construction of Black Top Road Work of Ramgram-9, Piparahiya-Madhawaliya Road Nawalparasi कार्यको लागि पालिका र निर्माण व्यवसायी अभियन्ता कन्स्ट्रक्सन वीच कवोल अंक रु ३४१४५७७।५० (मू.अ.कर र पी.एस. समेत) को लागतमा मिति २०७८।०२।१५ मा कार्य सम्पन्न गर्ने गरी मिति २०७७।०९।१७ मा सम्झौता भएको छ । यस सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार रहेको छ : | |
| २३.२ | | | लागत अनुमान : लागत अनुमान तयार गर्खा वी.ओ.क्यु. मा प्रोभिजनल सम मा मू.अ.कर थप गरी घटाघट तथा वढावढ नहुने गरी लागत कायम गरिएको हुन्छ । प्रोभिजनल समको आइटम मा वी.ओ.क्यु. मा तोकिएको सीमा सम्म पेश भएको सक्कल विल विजकको आधारमा भुक्तानी दिनु पर्दछ । यस निर्माण कार्यको लागत अनुमान तयार गर्दा प्रोभिजनल सममा पुन मू.अ.कर थप गरी तयार गरेको छ । प्रोभिजनल समको आइटम १. ल्याव टेष्ट को ७५,०००।०० र २. विजुलिको पोल सार्ने लगायतको कामका लागि रु ३,००,०००।०० वी.ओ.क्यु. मा आइटम रहेकोमा मू.अ.कर | |

| | | | | |
|---|---|---|---|---|
| | | | समेत थप गरी लागत अनुमान तथा खरिद सम्झौता गरेको छ । लागत अनुमान तथा खरिद सम्झौता तयार गर्दा प्रोभिजन सम मा मू.अ.कर थप नगरी तयारी तथा सम्झौता गर्नु पर्दछ । | |
| २३.३ | | | वीमा पोलिसीको अवधि : गो.भौ. २६४।०७७।१२।०४ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । यस निर्माण कार्यको प्रथम रनिङ्ग विल वापत रु १४,१२,४६८।९२ भुक्तानी भएको छ । वी.ओ.क्यू. को Item no. 1 को प्रोभिजनल सममा ल्याव टेष्ट र वीमा वापत रु ७५,०००।०० रहेकोमा वीमा वापत रु ४९,३४९।९३ को विल पेश भएकोमा मिति १६।०३।२०२१ देखि २९।०५।२०२१ मा थप १३ महिना मर्मत संभार अवधिको वीमा पोलिसी पेश भएको छ । ठेक्का अवधि ५ महिना रहेकोमा वीमा पोलिसी २.५ महिनाको पेश भई भुक्तानी भएको नियम सम्मत भएन रु...... | ४९,३४९ |
| २३.४ | | | प्रोभिजनल सम : ल्याव टेष्ट वापत रु २१,०००।००(मू.अ.कर वाहेक) भुक्तानी भएकोमा Usha Engineering Services(P) Ltd. को प्रतिलिपी विजक संलग्न रहेको छ । ल्याव टेष्ट गरेको सक्कल विल पेश गर्नुपर्ने अन्यथा सम्वन्धित निर्माण व्यवसायीवाट असुल हुनु पर्दछ रु..... | २१,००० |
| २४ | | | **ठेक्का व्यवस्थापन** | |
| २४.१ | | | निर्माण स्थलको व्यवस्था: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६ मा सार्वजनिक निकायले खरिदको लागि आवश्यक वजेटको व्यवस्था नभइ, निर्माण स्थलको व्यवस्था नभई, निर्माण स्थलवाट हटाउनुपर्ने रुख विरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई वोलपत्र आव्हान गर्न नहुने व्यवस्था छ । ठे.नं. ०९/०७७/७८ को पुरानो न.पा. चोक देखि लखी सुनारको घरसम्म र टेलिकम अफिस परासीसम्म सडक स्तरोन्नति गर्ने कार्यको काम लेखापरीक्षण अवधिसम्म पनि सम्पन्न भएको छैन् । यस निर्माण कार्यको म्याद २०७८ पौष मसान्तसम्म थप भएको छ । उक्त स्थनमा स्थानीय वासिन्दाले राइट अफ वे को विषयमा विवाद गरेकोले काम सम्पन्न हुन नसकेको पालिकाले जानकारी दिएको छ । निर्माण स्थलको व्यवस्था नभई वोलपत्र आव्हान गर्ने कार्यमा नियन्त्रण हुनु पर्दछ । | |
| २४.२ | | | वढी पेश्की भुक्तानी : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२क मा खरिद सम्झौता रकमको बीस प्रतिशतमा नवढ्ने गरी पेश्की दिन सक्ने व्यवस्था छ । पेश्की भुक्तानी दिँदा प्रोभिजनल सम र मू.अ. करको रकम घटाई वाँकी सम्झौता रकमको २०% सम्म पेश्की दिनुपर्दछ । यस पालिकाले निम्नानुसारको निर्माण कार्यको पेश्की भुक्तानी दिदाँ खरिद सम्झौताको २०% भन्दा वढी पेश्की भुक्तानी भएकोले वढी पेश्की भुक्तानी भएको रकम सयकडा १०% व्याज लगाई सम्वन्धित निर्माण व्यवसायीवाट असुल हुनु पर्दछ रु...... | २,०२३,९२३ |

| ठे.नं. | निर्माण व्यवसायी | काम | प्रोभिजनल सम र मू.अ.कर वाहेकको कवोल अंक | भुक्तानी हुनुपर्ने पेश्की | भुक्तानी भएको पेश्की | वढी पेश्की भुक्तानी |
|---|---|---|---|---|---|---|
| ०९/०७७/७८ | अभियन्ता कन्स्ट्रक्सन | सडक स्तरोन्नति | ७९,२१,३३९ | १५,८४,२६७ | | ३,३८,१६४ |
| १०/०७७/७८ | समिर कन्स्ट्रक्सन | सडक कालोपत्रे | २९,७७,५०० | ५,९५,५०० | ७,००,००० | १,०४,५०० |
| ११/०७७/७८ | अभियन्ता कन्स्ट्रक्सन | सडक कालोपत्रे | २६,४६,७५० | ५,२९,३५० | ६,८२,९१५ | १,५३,५६५ |
| ८२/०७७/७८ | समिर कन्स्ट्रक्सन | ओभरहेड टंकी | १,०८,५६,७०४ | २१,७१,३४० | २६,५०,००० | ४,७८,६५९ |
| ८०/०७७/७८ | समिर कन्स्ट्रक्सन | ओभरहेड टंकी | १,०८,५६,७०४ | २१,७१,३४० | २६,५०,००० | ४,७८,६५९ |
| ८१/०७७/७८ | समिर कन्स्ट्रक्सन | ओभरहेड टंकी | १,०५,३८,११७ | २१,०७,६२३ | २५,७८,००० | ४,७०,३७६ |
| **जम्मा** | | | | | | **२०,२३,९२०** |

| | | | | |
|---|---|---|---|---|
| २४.३ | | | ल्याव टेष्टको रिपोर्ट : गो.भौ. ७१६।०७८।०३।२८ - ठे.नं. १०/०७७/७८ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । लक्ष्मीपुर-जमुनिया रोड कालोपत्रे निर्माण कार्यको अन्तिम विल वापत निर्माण व्यवसायी समिर कन्स्ट्रक्सन लाई रु १७,८०,५६८।०० भुक्तानी भएको छ । वी.ओ.क्यू. को Item no. 1 को प्रोभिजनल सममा ल्याव टेष्ट र वीमा वापत रु ७५,०००।०० रहेकोमा वीमा गरेको छैन् भने ल्याव टेष्ट वापत रु २०,०००।००(मू.अ.कर वाहेक) भुक्तानी भएकोमा भुक्तानी दिएको विजक संलग्न रहेको छैन् । ल्याव टेष्ट गरेको सक्कल विल पेश गर्नुपर्ने अन्यथा सम्वन्धित निर्माण व्यवसायीवाट असुल हुनु पर्दछ रु.... | २०,००० |
| २५ | | | **सिधैं निर्माण काम गराएको** | १,६८७,१३५ |

**सिधै निर्माण तथा खरिद कार्य गराएको:-** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा सार्वजनिक निकायले खरिद एवं निर्माण कार्य गराउदा प्रतिस्पर्धा सिमित हुने गरी टुक्ता-टुक्ता पारी खरीद गर्नु नहुने उल्लेख छ । यसै गरी नियमावली २०६४ को नियम ८ मा वार्षिक खरिद योजना बनाई लागत अनुमान तयार गरी विभिन्न कामलाई प्याकेज बनाई तथा सोहि नियमावलीको नियम ८५ मा पाँच लाख रुपैंयासम्म लागत अनुमान भएको निर्माण तथा खरिद कार्य सोझै गर्न सकिने र सो भन्दा बढी रकमको लागत अनुमान भएको निर्माण र खरिद कार्य प्याकेज बनाइ प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नु पर्नेमा पालिकाबाट प्राप्त बिबरण अनुसार पालिकाले विभिन्न वडाहरुका बिभिन्न सडक निर्माण तथा मर्मत र खरिद कार्यका लागि बिभिन्न ५१ वटा निर्माण व्यवसायी तथा सप्लायर्सहरुलाई यो वर्ष रु ११९३२८०६।०० भुक्तानी दिएको छ । पालिकाबाट योजनाहरुमा बजेट बिनियोजन गर्दा न्यून रकमको साना साना योजनाहरु छनौट गरि बजेट बाँडफाँड गर्ने गरेको र ति योजनाहरु कार्यान्वियन गराउँदा ऐन तथा नियमावलीमा व्यवस्था भए अनुसार वार्षिक खरिद योजना तयार गरी कामलाइ प्याकेज बनाइ लागत अनुमान तयार गरी बिभिन्न कामलाइ प्रतिस्पर्धात्मक विधिबाट निर्माण तथा खरिद कार्य गराउनुपर्नेमा सो नगरी सिधैं निर्माण तथा कार्य गरेकोले नियममा भएको प्राबधानको परिपालना गरेको नपाइएकोले पालिकाले यसमा सुधार गर्नुपर्दछ । नमूना छनौटको आधारमा लेखापरीक्षण गर्दा देहाय अनुसार देखियो ।

(१) **सडक पोल बत्ति जडान तथा मर्मतको काम प्रतिस्पर्धाबाट नगराएको** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासँग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष बिभिन्न वडाहरुमा सडक बत्ति जडान तथा मर्मत गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार रु १६८७१३५।०० सोझै खरिद गरेको अनियमित देखिएको रु.

| गो भौ नं र मिति | भुक्तानि रकम | निर्माण व्यवसायी तथा सप्लायर्सको नाम | कामको बिबरण |
|---|---|---|---|
| २४३।०७७।११।२३ | १९८६८५ | बिबेक इलेक्ट्रिक सप्लायर्स परासी | वडा नं १ मा सडक पोल बत्ति जडान तथा मर्मत |
| १६५।०७७।१०।११ | ७४४४६ | बिबेक इलेक्ट्रिक सप्लायर्स परासी | वडा नं २ मा सडक पोल बत्ति जडान तथा मर्मत |
| ४४।०७७।५।१५ | १९८२५९ | सत्य भगवति ट्रेडिङ्ग कन्सर्न रामग्राम | वडा नं १६ मा सडक पोल बत्ति जडान तथा मर्मत |
| ३०५।०७८।१।११ | ९९८८९ | सृजना इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स | वडा नं १६ मा सडक पोल बत्ति जडान तथा मर्मत |
| ६६९।०७८।३।२८ | ३६२८४३ | न्यू के पि सप्लायर्स सुनवल | वडा नं १४ मा सडक पोल बत्ति जडान तथा मर्मत |
| ४३६।०७८।३।१५ | १७३६४५ | राजिव हार्डवेयर एण्ड इलेट्रोनिक्स कपिलबस्तु | वडा नं १४ को ऐचावल र पथरदेवा गाउँमा सडक पोल बत्ति मर्मत |
| २८१।०७७।१२।२६ | १९९३३७ | सुनिल हार्डवेयर एण्ड सप्लायर्स | वडा नं ९ मा सडक पोल बत्ति जडान तथा मर्मत |
| ६०९।०७८।३।२७ | १८३७१७ | राजिव हार्डवेयर एण्ड इलेट्रोनिक्स कपिलबस्तु | वडा नं ८ मा सडक पोल बत्ति जडान तथा मर्मत |
| ३८४।०७८।३।१ | १९६३१४ | सृजना इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स | वडा नं १५ मा सडक पोल बत्ति जडान तथा मर्मत |
| **जम्मा** | **१६८७१३५** | | |

(२) **सडक बत्ति जडानको ज्याला सम्बन्धमा**– पालिकाले माथि उल्लेख गरिए अनुसार बिभिन्न वडाहरुमा सडक बत्ति खरिद जडान तथा मर्मतको काम सप्लायर्सहरुसँग सम्झौता गरी गरेको पाइयो । सप्लायर्सहरुसँगको सम्झौताको बुँदा नं ८ र ९ सप्लायर्सले बत्ति जडानको लागि आवाश्यक पर्ने निर्माण सामाग्रि,कामदारहरुको व्यवस्था गरि निजहरुको बसोबासको समेत प्रबन्ध गर्नुपर्ने र पालिकाले सम्झौता बमोजिम रकम भुक्तानि गर्नुपर्ने उल्लेख भएको छ । तर पालिकाले सप्लायर्सहरुबाट सामाग्रि खरिद गरि सो जडानको ज्याला सम्बन्धित वडा सचिबहरुले डोर हाजिर पेश गरेको आधारमा भुक्तानि दिएको हुनाले सप्लायर्सले कामदारहरुको प्रबन्ध गरि सकेपश्चात वडा सचिबहरुलाइ रकम भुक्तानि दिएको नियमसम्मत देखिएन । यसमा पालिकाले तत्काल सुधार गर्नुपर्दछ ।

२६

**सडक पोल बत्ति जडानमा बढि भुक्तानि**

**सडक पोल बत्ति जडान तथा मर्मतमा सम्झौता भन्दा बढि भुक्तानि** – पालिकाको बिभिन्न वडाहरुमा सडक बत्ति जडान तथा मर्मतको काम बिभिन्न सप्लायर्सहरुसँग सम्झौता गरि गराएकोमा ति सप्लायर्सहरुलाइ सोहि सम्झौतामा उल्लेख गरिए बमोजिम रकम भुक्तानि दिनुपर्नेमा देहाय अनुसारको कामको लागि सप्लायर्सलाइ बढि भुक्तानि भएको रु असुल हुनुपर्ने रु

४६,७०१

| गो भौ नं र मिति | भुक्तानि रकम | सम्झौता रकम | बढि भुक्तानि | सप्लायर्सको नाम | कामको बिबरण | कैफियत |
|---|---|---|---|---|---|---|
| ३८४। ०७८।३।१ | १९६३१४ | १८०३५३ | १५९६१ | सृजना इलेक्ट्रिकल | वडा नं १५ मा सडक बत्ति | |
| २४३। ०७७।११। २३ | १९८६८५ | १८२९४५ | १५७४० | बिबेक इलेक्ट्रिक परासी | वडा नं १ मा सडक बत्ति | |
| ४३६। ०७८।३। १५ | १७३६४५ | १७३६४५ | १४००० | राजिव हार्डवेयर | वडा नं १४ मा सडक बत्ति | जडान ज्यालाको डोर हाजिर प्रमाणित नभएको रु १४०००।०० पेश भएको र सप्लायर्सलाइ भुक्तानि दिन नमिल्ने तथा सप्लायर्सले रु १४०००।०० को बिजक पेश नगरेकोले |
| २८१। ०७७।१२। २६ | १८३१३१ | १८२१३१ | १००० | सुनिल हार्डवेयर | वडा नं ९ सडक बत्ति | |
| **जम्मा** | | | **४६७०१** | | | |

| | | | | |
|---|---|---|---|---|
| २७ | | | **फर्निचर जिन्सि दाखिला नभएको**<br>**फर्निचर खरिद गरेकोमा जिन्सि दाखिला पेश नभएको :** आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ को उपनियम १ मा कार्यालयले आफ्नो कार्यालयमा खरिद गरि प्राप्त हुन आएको जिन्सि सामानको बिबरण र मूल्य खुलाइ जिन्सि किताबमा आम्दानि बाँध्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले मेलमिलाप केन्द्र व्यवस्थापनको लागि मनकामना मेटल वर्कस प्रतापपुर नवलपरासीबाट स्टिल चियर १० थान,स्टिल टेबुल १० थान र चियर ९० थान खरिद गरी गो भौ नं ५४४।०७८।३।२२ बाट रु २९९२०१।०० भुक्तानि दिएकोमा सो सामान खरिद गर्न खरिद आदेश,दाखिला प्रतिबेदन र जिन्सि दाखिला भएको प्रमाण पेश नभएको रु | २९९,२०१ |
| २८ | | | **स्यालो ट्यूबेल जडान**<br>**स्यालो ट्यूवेल जडान नापीमा स्पष्ट किटान नभएको:-** वडा नं ९ मा स्यालो ट्यूबेल खरिद तथा जडान काम गरि गो भौ नं २६७।०७७।१२।५ बाट रु १९५५५१।०० खर्च लेखांकन तथा भुक्तानि भएकोमा नापी किताब तथा प्राबिधिक मूल्यांकनमा स्यालो ट्यूबेल जडान भएको संख्या एकमुष्ट रुपमा खुलाइएकोमा ति स्यालो ट्यूबेल जडान भएको ब्यक्तिहरुको नाम र ठेगाना तथा बिबरण खुलाएको नपाइनुको साथै स्यालो ट्यूबेल जडान भएको संख्या एकमुष्ट रुपमा उल्लेख भएको र ति सम्पूर्ण स्यालो ट्यूबेल जडान एक समान रुपले गहिराइमा | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | गाडिएको नापी गरी सोहि आधारमा भुक्तानि भएको तथा वडा नं ९ को वडा कार्यालयको च नं ४८८ मिति २०७७।१०।१२ को सिफारिसमा समेत जडान भएको स्थान र व्यक्तिको नाम नखुलाइ सिफारिस गरेको देखिएकोले स्यालो ट्यूबेललजडान तथा खरिदको सम्बन्धमा पालिकाले यकिन गरि पुष्ट्याइ सहित प्रमाण पेश गर्नुपर्दछ । | | |
| २९ | | | **उपभोक्ता समितिबाट भएको काम**<br>**उपभोक्ता समितिको दर्ता–** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । संस्था दर्ता ऐन २०३४ को दफा ३ मा कुनैपनि संस्था विधानसहित दर्ता नभएमा कानूनी मान्यता दिन मिल्ने देखिदैन । पालिकाले यो बर्ष विभिन्न योजनाहरु उपभोक्ताबाट गराइ भुक्तानी गरेकोमा नमूना छनौटको आधारमा लेखापरीक्षण गर्दा देहाय अनुसार उपभोक्ताहरु दर्ता भएको पाइएन । यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरू स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरूले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ । यस सम्बन्धि देखिएका व्यहोराहरु निम्नानुसार छन । | | |

| सि नं | उपभोक्ताको नाम र काम | मूल्यांकन रकम | पालिकाले व्यहोरेको रकम | उपभोक्ताले व्यहोरेको रकम |
|---|---|---|---|---|
| १ | कारणमाइ डिप बोरिङ्ग उ स वडा नं १५,घिनाहाटोलमा स्यालो डिप बोरिङ्ग जडान | ११७१३७३ | ९७४७१० | १९६६६३ |
| २ | गंगापथ खा पा पछाडि सडक स्तरोन्नति वडा नं १ | ११५४७२४ | १०००००० | १५४७२४ |
| ३ | वडा नं ६ मा सडक रेखांकन तथा ग्राभेल | १०९७२०४ | ८४४३७६ | २५२८२८ |
| ४ | खटपटचोकदेखि दक्षिण दुर्गा शर्माको घरसम्म सडक स्तरोन्नति | १०९७९०४ | ९३२९९९ | १६४९०५ |
| ५ | अधुरो शिवपथ तथा रामपथ नाला सडक आर सि सि सुक्रौलि | ११५३८९८ | ९५५६८४ | १९८२१४ |
| ६ | मदरसा अरबिया अहले सुन्नत ओलुम वडा नं १५ | १७१४६४८ | १४५१६६५ | २६२९८३ |
| ७ | रजा मस्जिद मर्मत उ र वडा नं १३ | १०४११३३ | ८७९२९९ | १६१८३४ |
| ८ | सामुदायिक भवन तथा कम्पाउण्डवाल निर्माण उ स | ३७४८५८५ | ३४८६७६१ | २६१८२४ |
| ९ | भोगडाइनमाई तथा बन्जारिनमाई मन्दिर पर्खाल तथा धर्मशाला निर्माण | ११३८५७९ | ८६०९२८ | २७७६५१ |
| १० | सुक्रौलि सामुदायिक भवन निर्माण वडा नं १५ | ११४१६९९ | ९६७०२० | १७४६७९ |
| ११ | सातो बहिनवार मन्दिर मर्मत वडा नं १३ | १०२८१६९ | ८७०७५४ | १५७४१५ |
| १२ | कृषि सडक स्तरोन्नति वडा नं ७ | ५७१०१६ | ४७२९३३ | ९८०८३ |
| १३ | परासी कवर्ड हल निर्माण वडा नं ५ | १७२६८३५ | १४५६८२९ | २७०००६ |
| १४ | उनवच उ स बाट वडा नं ८ मा आर सि सि गर्ने काम | ११५३८९४ | ९७६९२२ | १७६९७२ |
| १५ | कसिया मन्दिर व्यवस्थापन वडा नं १२ | ११५६०९९ | ९७६८७७ | १७९२२२ |

(१) पालिकाले यो बर्ष विभिन्न योजनाहरु उपभोक्ताबाट निर्माण गराइ भुक्तानी गरेकोमा त्यस्ता समितिहरू स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरूले आयव्यको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

| | | | | |
|---|---|---|---|---|
| | | | (२) पालिकाबाट उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरुको लागि लाभग्राहि समुदायले जनश्रमदान वा लागत सहभागिता जुटाउनुपर्ने सम्बन्धमा नितिगत निर्णय गरी सबै उपभोक्ता समितिहरुलाइ समान रुपमा लागत सहभागिता वा जनश्रमदान गर्नु गराउनुपर्नेमा उपभोक्ता समितिबाट गर्नुपर्ने लागत सहभागिताको सम्बन्धमा पालिकाबाट कति प्रतिशत गर्नुपर्ने गरि निर्णय भएको थियो भन्ने निर्णय पेश नभएको कारण पालिकाबाट लागत अनुमान तयार गर्दा केहि प्रतिशत उपभोक्ताको योगदान हुने गरि लागत अनुमान तयार गरि काम गराएको पाइयो । यसरी लागत अनुमान तयार गर्दा सबै उपभोक्ता समितिहरुलाइ समान प्रतिशतले योगदान गर्नुपर्ने गरी लागत अनुमान नबनाइ फरक फरक योगदान हुने गरी लागत अनुमान तयार गराइ उपभोक्ता समितिबाट निर्माण काम गराएको नियमसम्मत भएन । तसर्थ पालिकाले नितिगत निर्णय गराइ समान रुपले जनश्रमदान हुनेगरि निर्माण काम गराउनुपर्दछ ।<br>(३) सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट गराउँदा सो योजना सञ्चालन हुने स्थानका लाभग्राहि समुदायबाटको आम भेला गराई सो भेलाबाट उपभोक्ता समिति गठन गर्नुपर्ने प्रावधान रहेकोमा माथि उल्लेखित योजनाहरुको उपभोक्ता समितिहरु गठन गर्दा पेश भएको माइन्यूटमा ठेगाना र सम्पर्क फोन नंम्बर एवम केही योजनाहरुमा जनप्रतिनिधिहरुको उपस्थिति समेत नभएको तथा केहि उपभोक्ता गठनको माइन्यूट पेश नभएको कारण उपभोक्ता समिति गठनको प्रकृया कानूनमा तोकेको प्रावधान बमोजिम रहेको पाइएन ।<br>(४) सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ को उपनियम ७ मा उपभोक्ता समितिहरुले गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र आफूले गरेका काम कारबाहीको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण समेत गराउनुपर्नेमा माथि उल्लेखित उपभोक्ताहरुले नियममा व्यवस्था भए बमोजिमको खर्चको सूचना टाँस गरेको तथा सार्वजनिक परीक्षण गराएको पाईएन । तसर्थ यसमा पालिकाले सुधार गर्नुपर्ने देखिन्छ ।<br>(५) सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ मा उपभोक्ता समितिले निर्माण काम सम्पन्न भए पश्चात निर्माण कामको अनुगमन निरीक्षण तथा योजना हस्तान्त्रण एवम सम्पन्न योजनाहरुको उपभोक्ता समितिहरुले अभिलेख राख्नुपर्ने व्यवस्था रहेको पालिकाबाट सञ्चालित योजनाहरुको निर्माण सम्पन्न पश्चात नियममा व्यवस्था भए अनुसार पालिकाबाट केहि योजनाहरुको अनुगमन निरिक्षण नभएको अनुगमन भएको योजनाहरुमध्ये केहि योजनाको प्रतिबेदनमा संयोजक तथा अन्य पदाधिकारी दस्तखन नभएको अनुगमन प्रतिबेदनमा अनुगमनबाट देखिएका व्यहोराहरु उल्लेख नगरि सामान्य चेकलिष्ट मात्र भरिएको पाइएकोले अनुगमनको काम प्रभावकारी रुपमा भएको छ भन्न सकिने अवस्था रहेन । साथै ति योजनाहरु उपभोक्तालाइ हस्तान्त्रण नभएको तथा उपभोक्ताहरुले सम्पन्न योजनाहरुको अभिलेख राखेको नपाइएकोले यस सम्बन्धमा नियममा भएको व्यवस्था बमोजिम सुधार हुनुपर्दछ<br>(६) सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिहरुले हरेक किस्ताको कामको प्राबिधिक मूल्यांकन,बिल,भरपाइ र खर्च प्रमाणित हुने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । अधिकांश उपभोक्ता समितिहरुले खर्चको बिल भरपाइ प्रमाणित नगरी पेश गरेको,उपभोक्ताले खर्चको सम्पूर्ण बिबरण र रकम सहित उपभोक्ता समितिको बैठकबाट अनुमोदन गराइ बैठकको माइन्यूट पालिकामा पेश नगरेको आधारमा भुक्तानि दिएको र उपभोक्ता समितिले पेश गरेका डोर हाजिर फाराममा भर्नुपर्ने सम्पूर्ण बिबरण नभरी केबल कामदारको नाम र रकम मात्र उल्लेख गरेको अर्थात केहि उपभोक्ता समितिले पेश गरेको डोर हाजिर फारममा रकम बुझिलिएको दस्तखत डोर हाजिर राख्नेको तथा प्रमाणित गर्नेको दस्तखत समेत नगरेको एवम निर्माण कामको खरिदको बिल भरपइको तुलनामा डोर हाजिर फारम बढि पेश गरी ज्यालामा बढि खर्च भएको बिबरण पेश गरेको कारण उपभोक्ता समितिहरुबाट निर्माण काम गराउदा नियममा भएको व्यवस्थाको परिपालना गर्नु गराउनु पर्ने देखिन्छ । | |
| ३० | | | **घिनाहाटोलमा डिप बोरिङ्ग** | ७६,७९१ |

| | | | | |
|---|---|---|---|---|
| | | | **धिनाहाटोलमा स्यालो डिप बोरिङ्ग जडान** पालिकाको वडा नं १५ को धिनाहाटोल ४ थान स्यालो डिप बोरिङ्ग जडान गर्ने काम कारणमाई डिप बोरिङ्ग उपभोक्ता समिति वडा नं १५ बाट गराइ निर्माण कामको प्राबिधिक मूल्यांकन मू अ कर समेत रु ११५१००१।०० भइ पालिकाले व्यहोर्ने ८५ प्रतिशतले हुने रकम गो भौ नं ४।२०७८।१।१२ बाट रु ९७४७१०।०० भुक्तानि भएको पाइयो । यस सम्बन्धमा देखिएका व्यहोराहरु देहाय अनुसार छन ।<br>(१) **धिनाहाटोलमा स्यालो डिप बोरिङ्ग जडानमा उपभोक्तालाइ मू अ कर भुक्तानि** सार्वजनिक खरिद नियमावली २०६४ को नियम नियम ९७ को उपनियम ४ मा उपभोक्ता समितिबाट संचालित हुने निर्माण कार्यको भुक्तानि दिदा लागत अनुमानमा भएको मूल्य अभिबृद्धि कर, ओभरहेड,कन्टिजेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानि दिनुपर्ने व्यवस्था रहेको छ । धिनाहाटोल ४ थान स्यालो डिप बोरिङ्ग जडान को काम उपभोक्ता समितिबाट गराइ निर्माण कामको प्राबिधिक मूल्यांकन मू अ कर समेत रु ११५१००१।०० भइ पालिकाले व्यहोर्ने ८५ प्रतिशतले हुने रकम गो भौ नं ४।२०७८।१।१२ बाट रु ९७४७१०।०० भुक्तानि भएको पाइयो । प्राबिधिक मूल्यांकन भएको रकम रु ११५१००१।०० मध्ये मू अ कर रु १३२४१६।०० समाबेश भएको तथा उपभोक्ता समितिलाइ कुल भुक्तानि मध्ये साइड सरसफाइ ज्याला,मेशिनबाट बोर होल तयार तथा बोरिङ्ग सरसफाइ ज्याला र कम्प्रेसर ज्याला रु ६९४९४२।०० मा मु अ कर रु ९०३४२।०० समेत भुक्तानि भएको देखिएको हुदाँ नियमानुसार उपभोक्ता समितिलाइ मू अ कर कट्टा गरी भुक्तानि दिनुपर्नेमा उपभोक्ताले व्यहोर्ने १५ प्रतिशत कट्टा गरी रु ७६७९१।०० भुक्तानि दिनुपर्नेमा पालिकाले कट्टा नगरेकोले असुल हुनु पर्ने रु<br>(२) **डिप बोरिङ्ग जडान नापीमा स्पष्ट किटान नभएको:**-वडा नं १५ को धिनाहाटोल ४ थान स्यालो डिप बोरिङ्ग जडान काम गरि रु ९७४७१०।०० खर्च लेखांकन तथा भुक्तानि भएकोमा नापी किताब तथा प्राबिधिक मूल्यांकनमा स्यालो डिप बोरिङ्ग जडान भएको संख्या एकमुष्ट उल्लेख गरेको,ति स्यालो डिप बोरिङ्ग जडान भएको ब्यक्तिहरुको नाम र ठेगाना तथा बिबरण नखुलाएको साथै वडा नं १५ को वडा कार्यालयको च नं १०६७ मिति २०७७।११।२५ मा जडान भएको सिफारिस पेश भएकोमा सो सिफारिसमा समेत जडान गरेको स्थान तथा कृषकको नाम नखुलाएको साथै ति सम्पूर्ण स्यालो डिप बोरिङ्ग जडान एक समान रुपले गहिराइमा गाडिएको नापी गरी सोहि आधारमा भुक्तानि भएको देखिएकोले स्यालो डिप बोरिङ्ग जडान तथा खरिदको सम्बन्धमा पालिकाले यकिन गरि पुष्ट्याइ सहित प्रमाण पेश गर्नुपर्दछ । | |
| ३१ | | | **कृषि सडक स्तरोन्नति**<br>**वडा नं ७ मा कृषि सडक स्तरोन्नति** सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिहरुले हरेक किस्ताको कामको प्राबिधिक मूल्यांकन,बिल,भरपाइ र खर्च प्रमाणित हुने अन्य कागजात त्यस्तो समितिको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । वडा नं ७ मा कृषि सडक स्तरोन्नति कार्या गर्न उपभोक्ता समितिको योगदान समेत रु ५७१०१६।०० को लागत अनुमान तयार गरि मिति २०७७।८।१८ मा उपभोक्ता समितिसँग सम्झौता भए अनुसार मिति २०७७।९।२५ मा निर्माण काम सम्पन्न भइ प्राबिधिक मूल्यांकन तथा नापी भएको एवम उपभोक्ता समितिको मिति २०७७।९।२६ गतेको बैठकबाट निर्माण काम सम्पन्न भएको रकम निकासा माग गर्ने निर्णय गरेको पाइयो । उपभोक्ताहरुले पेश गरेको बिल भरपाइ र डोर हाजिरमा काम भएको मिति तथा बिजक मिति २०७७।१०।१० भन्दा पछिको पेश भएको हुदाँ निर्माण कामको नापी मिति भन्दा पछाडिको बिजक मिति तथा डोर हाजिरमा काम भएको मिति उल्लेख गरेको,डोर हाजिर फारममा भुक्तानि दिने सिफारिस गर्ने र स्विकृत गर्नेको दस्तखत नभएको तथा उपभोक्ता समितिले खर्चको सम्पूर्ण बिबरण र रकम सहिको बिबरण उपभोक्ता समितिको बैठकबाट अनुमोदन गराइ बैठकको माइन्यूट पालिकामा पेश नगरेको आधारमा भुक्तानि दिएको कारण उपभोक्ता समितिहरुबाट निर्माण काम गराउदा नियममा भएको व्यवस्थाको परिपालना गर्नु गराउनु पर्ने देखिन्छ । | |
| ३२ | | | **गंगापथ पछाडि सडक स्तरोन्नति**<br>**गंगापथ खा पा पछाडि सडक स्तरोन्नतिको आनुपातिक कट्टा नभएको** सार्वजनिक खरिद नियमावली २०६४ को नियम नियम ९७ को उपनियम ४ मा उपभोक्ता समितिबाट संचालित हुने निर्माण कार्यको भुक्तानि दिदा लागत अनुमानमा भएको मूल्य अभिबृद्धि कर, ओभरहेड,कन्टिजेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानि दिनुपर्ने व्यवस्था रहेको छ । गंगापथ पछाडि सडक स्तरोन्नति गर्ने काम उपभोक्ता समितिबाट गर्ने गरी उपभोक्ताको योगदान रु १७६७७२।०० (१५.३२ प्रतिशत ) समेत रु ११५३६९८।०० को लागत अनुमान | २३,०७४ |

तयार गरि उपभोक्ताले काम गरिपश्चात प्राबिधिक मूल्यांकन रु ११५४७२४।०० भए अनुसार उपभोक्ताको योगदान रु १७६७७२।०० कट्टा गरी बाँकि रु ९७६९२६।०० भुक्तानि दिनुपर्नेमा गो भौ नं ३२६।०७८।१।२३ बाट रु १००००००।०० भुक्तानि दिएकोले बढि भुक्तानि दिएको रु २३०७४।०० असुल हुनुपर्ने रु

३३ **विद्यालय भौतिक पूर्वाधार** १५,०००,०००

नमुना विद्यालय:- स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवं शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित "कार्यक्रम कार्यान्वयन पुस्तिका, आ व ०७७।७८ को क्रियाकलाप नं ८.६ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तरगतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । उक्त पुस्तिकामा विद्यालय भौतिक निर्माण कार्यक्रम सञ्चालन गर्दा सम्झौता भएका विद्यालयहरुलाई प्राविधिकहरुले निरीक्षण गरी दिएको प्रतिवेदनका आधारमा पहिलो किस्ताका रुपमा कुल अनुदान रकमको ३०% रकम अनुदान दिने, Structural Part को कार्य सम्पन्न भए पश्चात दोस्रो किस्ताका रुपमा कुल अनुदान रकमको ५०% रकम अनुदान दिने र कार्यसम्पन्न गरे पश्चात नापी किताव भरी कार्यसम्पन्न प्रतिवेदन समेतको आधारमा 20% अन्तिम किस्ता रकम अनुदान दिने व्यवस्था छ। पालिकाले आर्दश माध्यमिक विद्यालय परासी ५ लाई भौ.नं. ५२...३।१५ वाट रु १३४३८००० र भौ.नं. ८७...३।३० वाट रु १५६२००० गरि जम्मा रु १ करोड ५० लाख निकासा गरेको छ ।नगरपालिका र विद्यालय विच मिति २०७८।१।५ मा सम्झौता भई नगरपालिकाले विद्यालयलाइ रकम उपलब्ध गराउने तथा विद्यालयले सम्झौतामा भएका व्यवस्थाको पालना गर्नुपर्ने उल्लेख गरेको छ । कार्यक्रम कार्यान्वयन पुस्तिकामा भएको व्यवस्था विपरित नगरपालिका र विद्यालय विच सम्झौता गरि विद्यालयलाइ निकासा गरेको देखियो ।कार्यालयले उपरोक्तानुसार व्यवस्था कार्यान्वयन नगरी वर्षान्तमा आर्दश माध्यमिक विद्यालयलाई एकमुष्ट रु.१५०००००० अनुदान प्रदान गरेको छ। अनुदान रकमको उचित प्रयोग गरी नापि किताव र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु......

३४ **नन्फाइलर** १३९,१७१

नन्फाइलर– मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु. १३९१७१.४७ समेत रु १२४०६६०.८५ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरू कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो ।

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | नन्फाइलर रहेको मिति | भुक्तानी रकम | मूअकर कर रकम |
|---|---|---|---|---|---|
| ६३–२०७८।३।२४ | यु एस एस कन्स्ट्रक्सन | ६०२१०५३४३ | २०७७।M।१० | ११४४०९०.८५ | १३१६२१.०७ |
| ३१–२०७८।३।२८ | रेविका फार्मेसी | ६०९४४३५६१ | २०७७।M।१२ | ९६५७० | ७५५०.४० |
| hDdf | | | | १२४०६६०.८५ | १३९१७१.४७ |

कानूनी व्यवस्थाअनुसार विवरण नवुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु

३५ **निजीस्रोतका शिक्षकको तलब**

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>राजस्व बाँडफाँडबाट शिक्षकको तलब भत्ता– अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७६ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका विद्यालयहरुमा मा वि तर्फ ६¸नि मा वि तर्फ ८ र प्रा वि तर्फ २ जना गरि जम्मा १६ शिक्षक नियुक्ति गरी आन्तरिक स्रोतवाट तलब भत्ता भुक्तानी गरेको छ ।नगरपालिकाले शिक्षक नियुक्ति गरी रु ७० लाख १ हजार वर्षभरीमा खर्च गरेको छ । शिक्षक नियुक्ति गर्दा जिल्ला शिक्षा कार्यालय तथा सम्वन्धित मन्त्रालय र विभागको स्वीकृत लिएर मात्र नियुक्ति गर्ने तर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।</td>
<td></td>
</tr>
<tr>
<td>३६</td>
<td>१८७</td>
<td>२०७८-३-२३</td>
<td>

**सि यु जि**

सि यु जि निकासाः कार्यक्रम कार्यान्वियन पुस्तिका (आ.व. २०७७।७८) को कार्यक्रम संकेत नं. २.७.२५.६२ मा कोभिड १९ का कारण उत्पन्न परिस्थितिमा सिकाइ सहजिकरणका लागि शैक्षिक कार्यक्रम अन्तर्गत शिक्षक विद्यार्थीलाई सि यू जि सेवामा आवद्ध गर्नका लागि विद्यालयहरुलाइ अनुदान दिन सकिने व्यवस्था रहेको छ । विद्यालयहरुले विद्यार्थी र शिक्षकका लागि सि यू जि सेवामा आवद्ध गरे नगरेको नगरपालिकाले अनुगमन गरि विद्यालयहरुलाइ अनुदान दिनु पर्दछ । ३२ विद्यालयहरुलाइ सि यू जि सेवामा आवद्धका लागि रु १९०९८७५ निकासा भएको विद्यालयले शिक्षक विद्यार्थीलाइ आवद्धमा खर्च गरि वाँकी रकम असुल गरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु

<table>
<tr><td>क्र स</td><td>विद्यालयको नाम</td><td>निकासा</td><td>खर्च</td><td>वाँकी</td></tr>
<tr><td>१</td><td>हिमाली आ वि हकूई</td><td>१९८७५</td><td>०</td><td>१९८७५</td></tr>
<tr><td>२</td><td>जनता मा वि देवगाउ</td><td>९११२५</td><td>०</td><td>९११२५</td></tr>
<tr><td>३</td><td>राष्ट्रिय मा विकरमैनी</td><td>६८६२५</td><td>0</td><td>६८६२५</td></tr>
<tr><td>४</td><td>आर्दश मा वि परासी</td><td>३२६२५०</td><td>०</td><td>३२६२५०</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>५०५८७५</td></tr>
</table>

</td>
<td>५०५,८७५</td>
</tr>
<tr>
<td>३७</td>
<td></td>
<td></td>
<td>

**राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम**

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम: २४०...०७८।३।३० अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, 2064 मा संघिय सशर्त पूँजिगत बजेट अन्तर्गतका योजनाहरु चालु आर्थिक वर्ष भित्रै सम्पन्न गर्ने खालका योजनाहरु कार्यान्वयन गरी बाँकि रहेको बजेट संघिय संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ ।शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्वारा जारी गरीएको कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७७।७८ को सि.नं. ९.८ र ९.७ अनुसार माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान कार्यक्रम र ICT Lab, पुस्तकालयका लागि अनुदान कार्यक्रममा विद्यालयबाट प्रस्ताव माग गरी उक्त प्रस्तावका आधारमा विद्यालय छनौट तथा सम्झौता गरी एकमुष्ट रु. ६ लाख ५० हजार अनुदान दिने र सम्झौता अनुरुप काम गरे नगरेको नियमित अनुगमन गरी कार्यप्रगति पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले यस आर्थिक वर्षमा देहायका विद्यालयहरुलाई राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत निम्न कार्यको लागि ४ वटा विद्यालयलाइ अनुदान वापत रु.२६०००००.00 वर्षान्तको अन्त्यमा निकाशा गरेको छ। विद्यालयको लेखापरीक्षण प्रतिवेदन पेश गर्नुपर्ने रु

</td>
<td>१,३००,०००</td>
</tr>
</table>

| भौ.न. र मिति | विद्यालयको नाम | रकम |
|---|---|---|
| 24०-078/3/३० | आर्दश माध्यमिक विद्यालय | 650000.00 |
| 240-078/3/३० | सरस्वती माध्यमिक विद्यालय शान्तिचौर | 650000.00 |
| | जम्मा | १३००००० |

| | | | | |
|---|---|---|---|---|
| ३८ | | | **कर तथा शुल्क असुली** | |
| ३८.१ | | | राजश्व दाखिला नभएकोः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यलय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दशप्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दशप्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन वमोजिम विभागिय कारवाही समेत गर्न, गराउन सक्ने व्यवस्था रहेको छ । पालिकामा निम्नानुसार वडा कार्यालयहरुले मिति 2077/04/01 देखि 2078/03/31 सम्मको अवधिमा नगदी, मालपोत, सिफारिस शुल्क र अन्य विविध गरी रसिद प्रयोग गरी सफ्ठवेयर प्रणालीबाट रु.76,95,756.57/- राजश्व संकलन गरेकोमा विभिन्न मितिमा राजश्व खाता र संचित कोष खातामा गरी रु.74,06,560/- मात्र बैँक दाखिला भएको पाईयो ।वडा कार्यालयहरुले असुली गरेको भन्दा घटी राजश्व दाखिला भएकोले घटी दाखिला देखिएको रु.2,89,197/- बैँक दाखिला भएको भौचर पेश गर्नुपर्ने अन्यथा राजश्व संकलन गर्ने व्यक्तिलाई जिम्मेवार बनाई 10 प्रतिशत जरिवाना सहित असुल गर्नुपर्ने रु. | ३३२,५८७ |

| काउण्टर | असुली | दाखिला | बाँकी | जरिवाना समेत बाँकी | जिम्मेवार व्यक्ति |
|---|---|---|---|---|---|
| वडा नं 1 र ५ | 1293476 | 1252276.7 | 41199 | 45319 | श्री सुमन पाण्डे |
| वडा नं 7 | 610384.66 | 422925 | 187459.66 | 206205.626 | श्री राममिलन यादव |
| वडा नं 14 | 1839529.31 | 1812543 | 26986.31 | 29684.941 | श्री ठानेश्वर रेग्मी |
| वडा नं 16 | 1567100.6 | 1558188 | 8912.6 | 9803.86 | श्री पंचराम कोहार |
| वडा नं 17 | 1453072.37 | 1420524 | 32548.37 | 35803.207 | श्री लोकमान चौधरी |
| वडा नं 18 | 1470377.77 | 1465132 | 5245.77 | 5770.347 | श्री विष्णु कुमार आले |
| जम्मा | 8233941 | 7931589 | 302352 | 332587 | |

| | | | | |
|---|---|---|---|---|
| ३८.२ | | | निम्नानुसार वडा कार्यालयहरुले आ.व 2077/78 मा संकलन गरेको राजश्वको दैनिक विवरण, मासिक विवरण र चौमासिक विवरण लेखापरीक्षणको क्रममा पेश गरेका छैनन् । जसले गर्दा सफ्टवेयर बाट संकलन गरेको भन्दा बढी बैँक दाखिला भएको देखियो । संकलन गरेको भन्दा दाखिला बढी देखिएकोले राजश्व रसिद बाट पनि संकलन गरेको हुनसक्ने र रसिद लेखापरीक्षणको क्रममा पेश नभएकोले यो सम्बन्धमा कार्यालयले वास्तविक आम्दानी भएको रसिद नम्बर अनुसारको विवरण तयार गर्नुपर्दछ । अतः संकलन गरेको भन्दा बढी हुने गरी राजश्व दाखिला भएकोले संकलित राजश्व नै एकिन गर्न नसकिएकोले पालिका र वडा कार्यालयहरुले 2077/04/01 देखि 2078/03/31 सम्मको राजश्व संकलन र बैँक दाखिला विवरण पेश गर्नुपर्ने रु. | १५४,७५५ |

| संकलन काउण्टर | संकलन | दाखिला | फरक | जिम्मेवार व्यक्ति |
|---|---|---|---|---|
| वडा नं. 10 | 1197712.45 | 1352467 | 154754.55 | श्री गुलेमान चौधरी |
| जम्मा | | | 154755 | |

| | | | | |
|---|---|---|---|---|
| ३९ | | | **भुक्तानी दिन बाँकीको विवरण प्रमाणित नभएको**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, 2077 को नियम 39 (13) मा उल्लेखित खर्च शिर्षकमा चालु वर्षको बजेटले नखामेको खर्च बेहोर्नु पर्ने उचित आधार र प्रयाप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र प्रमाणित गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले गो.भौ.नं.870-2078/03/23 बाट बालमैत्री लगानी योजना कार्यक्रमको रु.118000/- र गो.भौ.नं. 25-2077/05/19 बाट विभिन्न 6 जना कर्मचारीहरुलाई अनुगमन मुल्याङ्कन खर्च रु.93500/- गरी रु.211500/- खर्च गरेकोमा भुक्तानी दिन बाँकीको विवरण प्रमाणित नगरी बील भरपाई पेश भएको आधारमा भुक्तानी गरेको पाईयो । भुक्तानी दिन बाँकीको विवरण तयार नगरी, प्रमाणित नगराई अघिल्लो आ.व. को बील भरपाई वापत सोधभर्ना दिँदा दोहोरो खर्च हुने सम्भावना समेत हुने देखिन्छ । अतः पालिकाले नियमावलीले तोकिए बमोजिम भुक्तानी दिन बाँकीको विवरण समयमै तयार गरी प्रमाणित गरी/गराई मात्र भुक्तानी दिनुपर्नेमा भुक्तानी दिन बाँकीको विवरण तयार नगरी भुक्तानी दिएको अनियमित भएको रु. | २११,५०० |

| गो.भौ.नं. र मिति | कार्यक्रमको नाम | रकम |
|---|---|---|
| 870-2078/03/23 | बालमैत्री लगानी योजना अनुसार विभिन्न कार्यक्रम | 118000 |
| 25-2077/05/19 | विभिन्न 6 जना कर्मचारीहरुलाई अनुगमन मुल्याङ्कन खर्च (2077/2/23-2077/3/31) | 93500 |
| जम्मा | | 211500 |

| | | | | |
|---|---|---|---|---|
| ४० | | | **संगठन तथा व्यवस्थापन कार्य** | |

| | | | | |
|---|---|---|---|---|
| ४०.१ | | | 687-2078/03/01, सार्वजनिक खरिद ऐन, 2063 को दफा 29 मा सार्वजनिक निकायले आफ्नो निकायमा उपलब्ध जनशक्तिबाट कुनै कार्य हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सक्ने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, 2064 को नियम 69 मा सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्नको लागि कार्यक्षेत्रगत शर्त तयार गर्नुपर्ने र शर्त तयार गरिसकेपश्चात नियम 82 बमोजिम आवश्यक पर्ने तालिम गोष्ठी र सेमिनार जस्ता विषयमा मात्र ऐनको प्रतिकुल नहुने गरी सोझै खरिद गर्न सकिने उल्लेख छ । पालिकाले ऐनको व्यवस्था विपरीत हुने गरी कार्यालयको नियमित प्रकृतिको कर्मचारी र पदाधिकारीहरु बाट हुनसक्ने र सम्पादन गर्नुपर्ने कार्य समेत पार्टीसँग सम्झौता गराई कार्य गराएको पाईयो । साथै नियमावली बमोजिम परामर्श सेवा खरिद गर्दा कार्यक्षेत्रगत शर्त समेत तयार गरेको देखिएन । पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण कार्यको लागि गभर्नेस ईन्नोभेटीभ रिसर्च सेन्टर प्रा.लि., काठमाण्डौसँग समेझौता गरी आफ्नै जनशक्तिबाट गराउनु पर्ने र गर्न सकिने संगठन तथा व्यवस्थापन सर्वेक्षण समेत पार्टीसँग सम्झौता गराई सोझै खरिद गरी रु.3,93,918/- खर्च लेखेको कार्य ऐन र नियमावली विपरीत भएको रु. | ३९३,९१८ |
| ४०.२ | ७६९ | २०७८-३-१४ | बील भरपाई नभएकोः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम 39(5) मा सरकारी रकम खर्च गर्दा त्यस्तो रकम खर्च पुष्टि गर्ने बिल भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था रहेको छ । पालिकाले पाल्ही बहुमुखी क्याम्पसलाई बस खरिदको लागि रु.27,50,000/-अनुदान निकासा दिएकोमा खर्च पुष्टी गर्ने कागजात, प्रमाण तथा बीलभरपाई संलग्न गरी स्रेस्ता राखेको छैन । अतः पालिकाले क्याम्पसलाई बस खरिदको लागि दिएको अनुदान पुष्टी गर्ने बस खरिदको प्रक्रियासँग सम्बन्धित कागजात, बस विद्यालयको नाममा दर्ता भएको प्रमाण तथा क्याम्पसबाट प्रमाणित गरेको बिलभरपाई पेश गर्नुपर्ने रु. | २,७५०,००० |
| ४१ | | | अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको देखिएको छ ।<br>**गत वर्षसम्मको बेरुजू** (A): 92107000<br>**यो वर्ष संपरीक्षण गरिएको बेरुजू** (B): 21080<br>**गत बर्षसम्मको बाँकी बेरुजू** (C=A-B): 92085920 | |
| ४२ | | | यस वर्ष फछ्यौंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ । | |
| ४३ | | | अद्यावधिक वेरुजु<br>यस पालिकाको २०७६।७७ सम्मको फछ्यौंट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ । | |

Table under ४२:

| सि.नं | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | बेरुजु फछ्यौंट । सम्परीक्षणको आधार | सम्परीक्षण |
|---|---|---|---|---|---|
| १ | 2075/ 76 | 45 | समीक्षा बैठकको भत्ता मापदण्ड विपरीत खर्च गरेको | निम्नानुसार पदाधिकारीहरुले दाखिला गरेकोले संपरीक्षण<br>1. नरेन्द्र कुमार गुप्ता 3400<br>2. रम्भा कुँवर 3400 | 6800 |
| २ | 2076/ 77 | 12.4.1 | अनुगमन भत्ता वापतको रकम खर्च नियम सम्मत नभएको | निम्नानुसार पदाधिकारीहरुले दाखिला गरेकोले संपरीक्षण<br>1. नरेन्द्र कुमार गुप्ता 7480<br>2. रम्भा कुँवर 6800 | 14280 |
| **जम्मा** | | | | | **21080** |


https://nams.oag.gov.np

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्यावधिक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| 92107000 | 21080 | 32933228 | ० | 125019148 |